# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २२३ | काठमाडौं | सोमबार, २४ मंसिर २०८१ | Prabhab National Daily | Monday, December 09, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# पूर्वगृहमन्त्री लामिछानेको मानवअधिकार हनन् !



‘अपवादबाहेक नागरिकलाई मध्यरातमा पक्रने, बयान लिने, ओसारपसार गर्ने सबै काम कानुनतः बर्जित छ । अहिले रवि लामिछानेलाई मध्यरातमा सुत्न पनि नदिएर स्थान्तरण गरेको भन्ने कुरा जुन आएको छ, त्यो सरासर गलत कार्य हो । विधिको शासनविपरीतको कार्य हो ।

■ **डा. भीमार्जुन आचार्य**
**संवैधानिक कानुनका जानकार**



फाइल तस्बिर

■ **जेबी योञ्जन**

**काठमाडौं–** ५३ दिनदेखि प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेको मानवअधिकार हनन् भएको भन्दै सर्वत्र विरोध भएको छ । सुत्न पनि नदिएर रातारात अड्डासार गरेर चितवनदेखि पोखरा लगेको भन्दै रास्वपासँगै सत्ता पक्ष र विपक्षका नेताहरूले सरकारको विरोध जनाएका छन् । अदालतसमेतले रविको मानवअधिकार हननको सवालमा चासो राखेको छ ।

संवैधानिक कानुनका जानकार डा. भीमार्जुन आचार्य पञ्चायतकाल र देशको अन्तिम राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा थुनुवा र बन्दीलाई रातारात अड्डासार गर्ने गरिन्थ्यो । अहिले प्रधानमन्त्री केपी शर्मा ओली हुँदा रविमाथि त्यस्तै व्यवहार हुनु भर्त्सनायोग्य भएको बताउँछन् ।

‘अपवादबाहेक नागरिकलाई मध्यरातमा पक्रने, बयान लिने, ओसारपसार गर्ने सबै काम कानुनतः बर्जित छ,’ उनले प्रभावसँग भने, ‘अहिले रवि लामिछानेलाई मध्यरातमा सुत्न पनि नदिएर स्थान्तरण गरेको भन्ने कुरा जुन आएको छ, त्यो सरासर गलत हो । विधिको शासनविपरीतको कार्य हो ।’

रवि कास्की, रूपन्देही र काठमाडौं प्रहरीको हिरासतमा बसेर गत साता चितवन पुगेका थिए । उनको चुनाव क्षेत्रसमेत चितवन नै हो । त्यहाँ लामिछानेलाई जिल्ला सरकारी वकिल कार्यालयमा बयानका लागि जाने क्रममा रास्वपाका नेता कार्यकर्ताले प्रदर्शन नगर्ने केन्द्रीय नीतिलाई तोडेका थिए । प्रदर्शनकारी र प्रहरी दुवैतर्फ केही घाइते भए । त्यही बेला बढ्दो सुरक्षा संवेदनशीलतालाई भन्दै प्रहरीले उनलाई रातारात पोखरा पुऱ्यायो । सुत्न नदिएर रातारात अड्डासार गर्नु मानवअधिकार हननको कार्य भएको रास्वपाका कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले बताएका छन् । कतिसम्म भने रविको डायरी नै प्रहरीका अनुसन्धान अधिकृतले गायव पारेको उनको भनाइ छ । हिरासतमा छँदा रविको मानवअधिकार हनन् भएको भन्दै शुक्रबार राष्ट्रिय मानवअधिकार आयोगमा रास्वपाले उजुरी दिएको थियो ।

महामन्त्री बुर्लाकोटीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘मंसिर १९ गते दिनभर चितवनस्थित सरकारी वकिल कार्यालयमा बयान गराइएको थियो । उहाँ (रवि)लाई २० गते बिहान ११ बजे हवाई जहाजमार्फत कास्की लगिने बताइएको थियो । तर, १९ मंसिर राति सुतिरहेकै बेला अचानक ११ बजे उठाएर मध्यरातमा चितवनबाट सडकमार्ग हुँदै राति ३ बजे पोखरा पुऱ्याइयो ।’

क्रमशः पृष्ठ २ मा

# ‘मिनि संसद्’मा सांसदहरूको लापरवाही

- आइतबार बोलाइएको शिक्षा समिति बैठक एक घण्टा पर्खंदा पनि गणपूरक संख्या नपुगेपछि स्थगित
- संघीय निजामती विधेयकमा दफावार छलफलका लागि ४० संशोधनकर्ता बोलाइएको राज्य व्यवस्था तथा सुशासन समितिमा सात जनामात्र उपस्थित
- बैठकमा निजामती विधेयक संशोधन नहुँदा कर्मचारीतन्त्र खेलौनाजस्तो भएको मुख्यसचिव एकनारायण अर्यालको गुनासो



राज्य व्यवस्था तथा सुशासन समितिको आइतबार बसेको बैठक । *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाका सदस्य विधायक हो । प्रत्येक निर्वाचन क्षेत्रबाट चुनेर आउने प्रतिनिधिसभा सदस्यको मुख्य काम हो, विधेयकमाथि छलफल गरी नीति तथा कानुन बनाउन सघाउनु । यसका लागि सदनमै विधेयक दर्ता हुन्छ, त्यसपछि विषयगतरूपमा ‘ मिनी संसद्’का रूपमा चिनिने संसदीय समितिहरूमा जान्छ । चाडबाडका कारण ठप्प रहेको मिनी संसद् यसरी नै कानुन बनाउन बल्ल आइतबारबाट सुरु भयो ।

तर संसदीय समितिहरूमा सांसदहरूको उपस्थिति उदेकलाग्दो देखिएको छ । सांसदहरूले समितिमा उपस्थिति नै नजनाएर लापरवाही गरेका छन् । कतिसम्म भने शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा गणपूरक संख्या नै पुगेन । आइतबार दिउँसो २ बजे शिक्षा विधेयकमा छलफल गर्न बैठक बोलाइएको थियो । तर, ३ बजेसम्म पनि गणपूरक संख्या नपुगेपछि बैठक स्थगित भयो ।

सदस्यहरू नआएपछि समितिका सभापति अम्मरबहादुर थापाले ‘कानुन मन्त्रिपरिषद्बाटै निर्णय गरे हुने’ भन्दै रोष प्रकट गरे । ‘विधेयकहरू आउँछन् । सरकारलाई, मन्त्रालयलाई जस्तो विधेयक चाहियो त्यस्तो विधेयक ड्राफ्ट गर्छ र ल्याउँछ । संसद्मा सैद्धान्तिक छलफल हुन्छ । समितिमा दफावार छलफलमा आउँछ । तर छलफलका लागि कोही आइपुगेनन्,’ सभापति थापाले भने, ‘यस्तै गरी समितिमा नआउने भए मन्त्रिपरिषद्बाटै निर्णय गरेर कानुन बनाउँदा हुन्छ ।’

२४ जना सदस्य रहेको शिक्षा समितिमा १० जनामात्र सांसद आइपुगेका थिए । गणपूरक संख्याका लागि १३ जना सदस्य आवश्यक हुन्छ । संसदीय समितिले गणपूरक संख्या पाउन सरकार र संसदीय दलको सहयोग आवश्यक रहन्छ । शिक्षा समितिमा गणपूरक संख्या नपुग्दा शिक्षा विधेयकमाथिको छलफल रोकिएको यो पहिलो घटना होइन । यसअघि सुमना श्रेष्ठ शिक्षामन्त्री हुँदा संसद्बाट विधेयक नपुगेपछि समितिमा पठाउन पत्र नै लेखिएको थियो ।

मंसिर २ गते अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठक बोलाएकोमा परराष्ट्रमन्त्री आरजु राणाले समय नदिँदा अन्तिम समयमा स्थगित गरिएको थियो । अर्थ समितिले मंसिर ५ गते बोलाएको बैठकमा पनि गणपूरक संख्या पुगेको थिएन ।

## अधिकांश संशोधनकर्ता अनुपस्थित

आइतबार नै राज्य व्यवस्था तथा सुशासन समितिको बैठक बोलाइयो । संघीय निजामती विधेयकमाथि छलफलका लागि बोलाइएको बैठकमा अधिकांश संशोधनकर्ता नै उपस्थित भएनन् । समितिका सभापति रामहरि खतिवडाका अनुसार ४० जना संशोधनकर्तालाई बोलाइएकोमा सात जनामात्र उपस्थित भए । यद्यपि नआउने संशोधनकर्तालाई पर्खने चलन नभएको खतिवडाले बताए ।

‘बोलाउँदा पनि नआउने सांसदहरूलाई हामी पर्खेर बस्दैनौं,’ खतिवडाले भने । समितिले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका संशोधनकर्तासँग आइतबारदेखि छलफल थालेको हो ।

क्रमशः पृष्ठ २ मा



बैठकमा ४० जना संशोधनकर्तालाई बोलाइएकोमा सात जनामात्र उपस्थित भए । बोलाउँदा पनि नआउने सांसदलाई हामी पर्खेर बस्दैनौं ।

● **रामहरि खतिवडा**
**सभापति, राज्य व्यवस्था तथा सुशासन समिति**



कर्मचारीतन्त्र खेलौनाजस्तो भयो । कर्मचारीतन्त्र बलियो नभए कसरी काम बन्छ ? जनताले अपेक्षा गरेअनुसार कर्मचारीतन्त्र बनाउन यो विधेयक चाँडो टुंगो लागोस् ।

● **एकनारायण अर्याल**
**मुख्यसचिव**

**सन्दर्भः वैदेशिक रोजगार**

सामाजिक सुरक्षा योजना

# सुविधाबाट वञ्चित नहुन योगदानमा निरन्तरता आवश्यक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन विभिन्न योजना अघि सारे पनि अपेक्षित नतिजा देखिएको छैन । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिँदा अनिवार्य कोषमा आबद्ध हुनुपर्ने व्यवस्थाका कारण आबद्धता संख्या बढे पनि निरन्तर योगदान गर्ने श्रमिकको संख्या न्यून देखिन्छ ।

कोषका अनुसार वैदेशिक रोजगारीमा रहेका १२ लाख ५३ हजारभन्दा बढी श्रमिक सूचीकृत भइसकेका छन् । उनीहरूमध्ये अधिकांशले निरन्तर योगदान नगरेको कोषको भनाइ छ । साथै, विदेशमा कार्यरत श्रमिकहरूलाई समेत आबद्ध गराउने योजनामा श्रमिकहरूको आकर्षण बढाउन नसकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन् । जसकारण कोषमा आबद्ध गराउन मन्त्रालयले कडाइ गर्ने तयारीसमेत गरिरहेको जानकारी दिइएको छ ।

यसैबीच कोषले विभिन्न देशमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा योजनाबारे जानकारी दिने अभियानसमेत अघि बढाएको छ । विभिन्न देशमा रहेका नेपाली दूतावासको समन्वयमा कोषले यो अभियान सञ्चालन गर्न थालेको हो ।




यही क्रममा साउदी अरेबियास्थित नेपाली दूतावासबाट कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले त्यहाँ कार्यरत नेपाली श्रमिकहरूलाई यसबारे जानकारी दिएका छन् । गत शुक्रबार साउदीस्थित नेपाली दूतावासको फेसबुक पेजमार्फत उनले कोषमार्फत सञ्चालनमा रहेको सामाजिक सुरक्षा योजना, उद्देश्य, यसका फाइदाहरूलगायत विषयमा जानकारी गराएका थिए ।

श्रम मन्त्रालयअन्तर्गतको योगदानमा आधारित सामाजिक सुरक्षा योजना सामाजिक सुरक्षा कोषले सञ्चालन गर्दै आएको उनले सो क्रममा जानकारी दिएका छन् । औपचारिक क्षेत्रमा २०७६ साउनदेखि सुरु भए पनि वैदेशिक क्षेत्रमा २०७९ चैत ८ गतेदेखि सेवा सुरु गरेको उनले बताए ।

‘सामाजिक सुरक्षा कुनै पनि श्रमिकको जीवनमा आइपर्ने जुनसुकै जोखिम न्यूनीकरण गर्ने प्रणाली हो । श्रमिक बिरामी वा अंगभंग हुँदा वा कमाउने मान्छेको मृत्यु भएर परिवार भोकै हुने अवस्थामा कुनै न कुनै संयन्त्रबाट जोखिम बहन गर्ने विशेष योजना हो,’ उनले भने ।

उनका अनुसार सामाजिक सुरक्षा कोषमा जम्मा हुने रकम एउटा सामाजिक बिमा, जसमा कुनै पनि घटना घट्दा विभिन्न खालका सुविधा पाउँछन् । अर्को सामाजिक बचत, जुन वृद्धावस्थामा वा कमाइ नहुने बेलामा सुविधा पाइने हुन्छ । वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकहरूका लागि यो योजना लागू गरिएको उनले बताए । यसमा औषधि उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता योजना, आश्रित परिवार सुरक्षा योजना र अवकाश तथा वृद्धावस्था सुरक्षा योजना गरी चारवटा योजनाहरू सञ्चालन गरिएको कोषका कार्यकारी निर्देशक अधिकारीले बताए ।

‘यो योजनामा मासिक दुई हजार ३०० रूपैयाँ जम्मा गर्नुपर्ने हुन्छ । श्रम स्वीकृति गर्दा यो रकम जम्मा गरिएको हुन्छ तर निरन्तरता नहुँदा यी विभिन्न सुविधाहरूबाट वञ्चित हुनुपर्ने अवस्था आउँछ,’ उनले भने । उनले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगार रहेकाहरूलाई यो योजनामा सहभागी भइ निरन्तर योगदान गर्नसमेत आग्रह गरे । साउदीमा रहेका करिब चार लाख श्रमिकलाई लक्षित गरी सञ्चालन गरिएको यो अभियानलाई अन्य मुलुकमा पनि निरन्तरता दिने बताइएको छ ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# हल्जी गाउँका भिक्षुको स्वास्थ्य परीक्षण

**सिमकोट, (हुम्ला)**– जिल्लाको उत्तरी नाम्खा गाउँपालिका-६ हिमालपारीको नामले परिचित लिमीको हल्जीमा १७ महिनादेखि तपस्यामा बस्दै आएका भिक्षु (आनी)को स्वास्थ्य परीक्षण गरिएको छ । मौसम परिवर्तनले समस्या आउन सक्ने भएकाले उनको स्वास्थ्य परीक्षण गरिएको हो ।

गुफामा बस्दै आएका १६ भिक्षुसहित एक जना रिन्पोछे, एक जना भान्से गरी १८ जनाको स्वास्थ्य उपचार गरिएको लिमी स्वास्थ्य चौकीमा कार्यरत अहेब लोग बोहराले बताए । उनीहरूको स्वास्थ्य समस्या आएको जानकारी पाउनासाथ शनिबार स्वास्थ्य चौकीबाट दुई घण्टा उकालो हिँडेर भिक्षुहरूले तपस्या गरिरहेको छ्योकोर्छे गुम्बामा पुगी उपचार गरिएको उनले जानकारी दिए ।

करिब १७ महिनादेखि तपस्यामा बस्दै आएका भिक्षुलाई मौसम परिवर्तनका साथै चिसो अत्यधिक हुँदा कसैलाई टाउको दुख्ने, झाडापखाला, घाँटी दुख्नेलगायत समस्या देखिएको भन्दै चेकजाँच पछि उनहरूलाई औषधि वितरण गरिएको अहेब बोहराले बताए । लिमी स्वास्थ्य चौकीमा तीन जना कर्मचारीको दरबन्दी भए पनि हाल एक्लैले तीनवटा बस्तीमा पुगेर नागरिकको उपचार गरिरहेको बोहराले बताए । हल्जी तील गाउँमा केही नागरिक बस्दै आएका छन् भने जाङ गाउँका नागरिक कोही ताक्लाकोट छन् भने कोही जिल्ला बाहिर गइसकेकाले बस्ती शून्य छ । लिमीमा तापक्रम माइनसमा झर्ने हुँदा चिसो अत्यधिक बढ्ने भन्दै चिसोबाट बच्न सबैले आवश्यक सर्तकता अपनाउनुपर्ने अहेब बोहराले जोड दिए । यहाँको तापक्रम माइनस १५ डिग्रीसम्म पुग्ने भएकाले भिक्षु (आनी) बस्ने गुम्बामा खानेपानीको समस्या हुने उनले बताए ।

तापक्रम राति र बिहानको समयमा माइनसमा झर्दा चिसो अत्यधिक भएर खानेपानीका धारामा बरफ जम्ने गरेकाले पानीको समस्या भएको हो । स्वास्थ्य चौकीका धारामा पनि बरफ जम्दा खानेपानीको समस्या भएको भन्दै बोहराले आफूले गाउँमा गएर खानेपानीको जोहो गर्नुपरेको उल्लेख गरे । केही दिनअघि जाङ र हल्जी गाउँका १२ वर्षभन्दा माथिका १०० नागरिकलाई कोभिड-१९ विरुद्धको एमआरआई खोप लगाएको जनाउँदै अहेब बोहराले नियमित राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत यहाँका पाँच बालबालिकालाई खोप लगाइएको बताए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### मिनि संसद्...

संशोधनकर्ताहरूले विधेयक कर्मचारीको लाभ र सेवासुविधामा मात्र केन्द्रित रहेको भन्दै सेवा प्रवाहलाई सरल, सहज र सुलभ बनाउने गरी पारित गरिनुपर्ने बताए । उनीहरूले सेवा प्रवाहलाई आधार मानेर बढुवा गर्ने व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

सत्तामा रहेकै दल नेकपा एमालेका सांसद अच्युत मैनालीले कर्मचारी बढी राजनीतिमा केन्द्रित हुँदा जनसेवामा असर गर्ने भन्दै दलगत ट्रेड युनियनलाई विधेयकमा ठाउँ दिन नहुने धारणा राखे । नेकपा माओवादी केन्द्रकी सांसद उर्मिला माझीले दलगत ट्रेड युनियनले फरक दलको सरकार आए सरकारलाई समेत असहयोग गर्ने क्रम बढेको उल्लेख गरिन् । अर्की सांसद रञ्जु झाले दलगत कर्मचारीले भिसीजस्तो गरिमामय पदलाई पनि थर्काउने भन्दै सबै मिलेर दलगत ट्रेड युनियन हटाउने जोखिम लिनुपर्ने धारणा राखिन् ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले निजामती विधेयकमा थारू समुदायलाई कोटा विभाजन गरिनुपर्ने तर्क राखे । 'थारु समुदायका लागि कोटा व्यवस्था अनिवार्य गरिदिनुहुन अनुरोध गर्दछु' चौधरीले भने ।

बैठकमा सहभागी मुख्यसचिव एकनारायण अर्यालले कर्मचारीतन्त्र खेलौनाजस्तो भएको भन्दै गुनासो गरे । 'कर्मचारीतन्त्र खेलौनाजस्तो भयो । कर्मचारीतन्त्र बलियो नभए कसरी काम बन्छ ? जनताले अपेक्षा गरेअनुसार कर्मचारीतन्त्र बनाउन यो विधेयक चाँडो टुंगो लागोस्,' उनले भने । कर्मचारी विधेयक पारित नहुँदा समस्या सिर्जना भएको र प्रशासनिक संघीयता कार्यान्वयनमा जानै नसकेको मुख्यसचिव अर्यालले उल्लेख गरे ।

सरकारले गत फागुन २१ गते संसद्मा विधेयक दर्ता गराएको थियो । विधेयकमा निजामती सेवामा महिलाको प्रवेश ३७ र पुरुषको ३२ तथा अवकाशको उमेर हद ६० वर्ष प्रस्ताव गरिएको छ । निजामती सेवाभित्र ११ समूह, नौवटा श्रेणी र १४ तह रहने प्रस्ताव छ । विधेयकमा १०० भन्दा बढी संशोधन परेको छ ।

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले २०८० फागुन २१ गते दर्ता गराएकी हुन् । विधेयकलाई २०८१ जेठ १५ मा बसेको प्रतिनिधिसभा बैठकमा मन्त्री भानुभक्त जोशीले समितिमा पठाउने अनुमतिका लागि प्रस्ताव गरेकोमा सदनले स्वीकृति दिएको थियो ।

आइतबार संसद् सेवा दिवसकै अवसरमा सभामुख देवराज घिमिरेले सरकारले संसद् छल्ने गरेको धारणा राखे । 'कार्यपालिकाले व्यवस्थापिकालाई छल्न खोज्ने, व्यवस्थापिकाले कार्यपालिकाको खिलापमा जान खोज्ने अथवा यस्ता खालका प्रवृत्तिले पनि संसद्को काम कारबाही, संसदीय सेवा, संसद्लाई प्रभावकारी बनाउने कुरामा समस्या आएको हुन सक्छ,' सभामुख घिमिरेले भने ।

■■■

### पूर्वगृहमन्त्री...

यसको छानबिन गर्न रास्वपाको माग छ । गत १९ मंसिर बिहानै बयानका लागि सरकारी वकिल कार्यालय पुऱ्याइएका लामिछानेको राति ९ बजेमात्रै बयान सकिएको थियो । त्यसपछि भोलिपल्ट ११ बजे हवाई जहाजमार्फत पोखरा लैजाने जानकारी आफूहरूलाई दिइएको रास्वपा समर्थकको दाबी छ । लामिछाने गृहमन्त्री हुँदा उनको प्रेस संयोजक रहेर काम गरेका प्रमोद न्यौपाने पनि त्यस दिन चितवनमै थिए । उनका अनुसार भोलिपल्ट बुधबार ११ बजे पोखराको टिकटसमेत काटेर लाने कुरा थियो । तर, आफूहरूले सुइँकोसमेत नपाएको उनले बताए ।

पोखरा लाने भन्ने प्रहरीले जानकारी गराएपछि लामिछानेले यसबारे आफन्त तथा पार्टीका नेताहरू र आफ्ना कानुन व्यवसायीलाई खबर गर्न भन्दासमेत प्रहरीले नमानेको आरोप छ । चितवन प्रहरीका प्रवक्ता तथा डिएसपी भेषराज रिजालले आइतबार विज्ञप्ति जारी गर्दै लामिछानेलाई राति १२:५ बजे सुरक्षितरूपमा पोखरा लगिएको बताएका छन् । यसले रास्वपाको आरोप सत्य रहेको देखाएको छ ।

आइतबार कास्की जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्वासेको इजलासले रविलाई चार दिन हिरासतमै राखेर अनुसन्धान गर्न म्याद थप गर्नुअघि रविलगायतको पछिल्लो अवस्थाबारे चासो राखेको थियो । इजलासमा आइतबार रविसँगै पूर्वडिआइजीसमेत रहेका गोर्खा मिडिया नेटवर्कका पूर्वउपाध्यक्ष छविलाल जोशी, जिबी (गितेन्द्रबाबु) राईसँग मिलेर रकम हिनामिना गरेको आरोपमा पक्राउ परेकी लिला पछाइलगायतले आफ्नो कुरा राखे । त्यसपछि रविका तर्फबाट कानुन व्यवसायी वरिष्ठ अधिवक्ता सुशील पन्त, हरि सुवेदी र अधिवक्ता नारायण कँडेलले रविमाथि अन्याय भएको भन्दै न्यायाधीश बेल्वासेको ध्यानाकर्षण गराएका थिए ।

त्यसलगत्तै न्यायाधीश बेल्वासेले पालैपालो रवि, छवि र पछाइको अवस्थाबारे सोधेका थिए । त्यसक्रममा बोल्दै रविले आफूमाथि प्रहरीले अभद्र व्यवहार गरेको, औषधी खानसमेत नदिएको, बिरामी हुँदा रातारात पोखरा ल्याइएको गुनासो गरेका थिए ।

उनले राति ११-१२ बजे आफूलाई 'माथिको आदेश भन्दै मादक पदार्थ सेवन गरेका प्रहरीले झिंगलझ्याँगल पार्दै पोखरा लगेको बताएका छन् । आफूले भने प्रहरीलाई भोलिपल्ट बिहान बरू ७ बजे नै जाऔंला, आराम गर्न दिनूस् भन्दा आफ्नो कुराको सुनुवाइ नभएको उनको गुनासो छ । उनले पोखरा पुग्नेबित्तिकै अस्पताल गएको र प्रेसर बढेको देखिएको भन्दै कागजातसमेत रविले अदालतमा देखाएका थिए । प्रतिशोधको भावनाले आफूलाई ज्यादती गरिएको, परिवारमाथि पनि तनाव दिइएको रविले गुनासो गरेका थिए ।

यसअघि शनिबार राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाहीले हिरासतमा रविको मानवअधिकार उल्लंघन भएको भन्दै सरकारको ध्यानाकर्षण गरेका थिए । पोखरास्थित राष्ट्रिय मानवअधिकार आयोगको शाखा कार्यालयले पनि रविसँग सोधपुछ गरेको प्रहरीले जनाएको छ ।

रवि २ कात्तिकमा काठमाडौंको बनस्थलीस्थित पार्टी कार्यालयबाट पक्राउ परेका थिए । ३ गते बिहान कास्की पुऱ्याइएको थियो । उनलाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा छ । यी मुद्दाहरूमा बयान दिने क्रममा रविले भने इन्कारी बयान दिएका छन् । पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी र चितवनको सहारा सहकारी ठगीबारे उनको बयान प्रहरीले लिएको छ । अब पर्खाको सानो पाइला सहकारी ठगीमा पनि रविलाई बयानका लागि त्यहाँ लाने तयारी छ ।

■■■

### सुविधाबाट...

गत मंसिर ११ मा सामाजिक सुरक्षा दिवसको अवसर पारेर कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकका आश्रित परिवारलाई समेत कोषबाट प्रदान गरिने सेवा प्रदान गर्ने सुविधा थप गरेको थियो । त्यसअघि वैदेशिक रोजगारीमा गएका श्रमिकले मात्र औषधि उपचार पाउने गरेकोमा उनीहरूका श्रीमान्-श्रीमती र १८ वर्ष नकटेका छोराछोरीहरूका लागिसमेत उपचार सेवा थप गरिएको छ । कुनै पनि योगदानकर्ता (श्रमिक) अस्पतालमा भर्ना भई उपचार गर्दा एक लाख रूपैयाँसम्म मात्रै उपचार सुविधा उपलब्ध गराउँदै आएकोमा त्यसयता १० लाख रूपैयाँसम्मको उपचारमा ५० प्रतिशत कोषले व्यहोर्ने व्यवस्था गरिएको छ ।

**ए.ए.ए. ट्राभल्स एण्ड टुरिजम टेनिङ्ग सेन्टर प्रा. लि. (लिक्वीडेशन)**

**सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम मिति २०६८।०३।२६ मा दर्ता भएको प्रा.लि.नं. ८४४२६/०६७/०६८ को ए.ए.ए. ट्राभल्स एण्ड टुरिजम टेनिङ्ग सेन्टर प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१।०८।१९ गते बसेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कवीर कुमार श्रेष्ठ/लिक्वीडेटर**
**इजाजत पत्र नं. ५८०/मो.नं. ९८४१८६१४४१**

**तीनपाटन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लाम्पनटार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**आन्तरिक आय संकलन तर्फ जडिवुट्टी, कवाडी, जिवजन्तु र कृषिजन्य उत्पादन लगाएतका वस्तुहरुको व्यावसायीक उपयोग तथा निकासी कर संकलन व्यवस्थापनका लागि दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०८/२४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (४) मा भएको व्यवस्था तथा तीपाटन गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम आ.व. २०८१/०८२ को आन्तरीक आय संकलनको लागि देहायको शीर्षकमा कर तथा शुल्क असूली सम्बन्धी काम ठेक्काद्वारा गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरीद गरी तोकिएको मिति र समय भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| ठेक्का नं. | आयको विवरण | न्यूनतम अङ्क-मु.अ.कर बाहेक | उपयोग तथा निकासी शुल्क दर प्रति इकाइ | दरभाउ पत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | जडिवुट्टी, कवाडी, जिवजन्तु र कृषिजन्य उत्पादन लगाएतका वस्तुहरुको व्यावसायीक उपयोग तथा निकासी कर संकलन (काठजन्य वस्तु निकासी बाहेक) | रु.५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयां मात्र) | तीनपाटन गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम | रु.१,०००।- | मु.अ.कर सहित कुल कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**आय ठेक्का सम्बन्धी शर्तहरुः-**

१. ठेक्काको दरभाउपत्र फारम खरीदका लागि यस कार्यालयको राजश्व शाखाबाट दरभाउपत्र बापत जारी भएको नगदी वा तीनपाटन गाउँपालिकाका कार्यालयको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड तीनपाटन शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३५८०४०१००००००७, राजश्व शीर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कलै बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को लागि फर्म वा कम्पनी नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी, स्थानीय तहमा व्यवसाय करमा दर्ता नविकरण भएको प्रमाणपत्र प्रतिलिपी, करचुक्ता प्रमाणपत्र प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र प्रतिलिपी सहित निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले ७ दिन मिति २०८१/०८/३० गते कार्यालय समयभित्र दरभाउपत्र फारमहरु तीनपाटन गाउँ कार्यपलिकाको कार्यालयबाट खरीद गर्न सकिने छ ।
२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी सिलबन्दी दरभाउपत्र फारम भरी ८ औं दिन मिति २०८१/०९/०१ गते दिनको मध्यान्न १२:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ र पेश भएका सिलबन्दी दरभाउपत्र सोही दिनको दिउँसो २:०० बजे कार्यालयको प्रतिनिधी एवम् ठेकेदारहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाताका प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोलिनेछ । दरभाउपत्र खरीद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिन क्रमशः गरिनेछ ।
३. सिलबन्दी दरभाउपत्रका साथ फर्मले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम धरौटी बापत तीनपाटन गाउँपालिकाको कार्यालयको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड तीनपाटन शाखामा रहेको ग-३ स्थानीय तह धरौटी खाता नं.३५८०४०१००००००४ मा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत (Bid Bond) सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गरिने छ ।
४. दरभाउपत्र फारममा कबोल अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
५. यो ठेक्काको अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८२ असार मसान्त सम्म हुनेछ ।
६. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको रकम एकमुष्ट बुझाउनु पर्नेछ । एकमुष्ट रकम बुझाउन नसकेमा निम्न तालिका बमोजिमको किस्तामा ठेक्का बापतको रकम बुझाउनु पर्नेछ ।

| किस्ता | किस्ता बुझाउने समय | रकम रु. मा |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखत | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०८१ चैत्र मसान्त सम्ममा | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०८२ साल बैशाख मसान्त सम्ममा | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

७. थप जानकारीको लागि यस कार्यालयको वेभसाईट www.tinpatanmun.gov.np र कार्यालयको फोन नं.9854042220 मा सम्पर्क गर्न सकिने छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी**
**सडक डिभिजन इलाम**

**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(३) को प्रयोजनार्थ प्रकाशित सूचना**

सूचना प्रकाशित मितिः २०८१/०८/२४

मिति २०८१/०६/०८ देखि २०८१/०६/१२ गते सम्म परेको भिषण वर्षात र बाढीपहिरो पश्चात मेची राजमार्ग र बिब्ल्याँटे- माइपोखरी- सन्दकपुर सडकका विभिन्न खण्ड बन्द भएको र तत्काल उक्त खण्ड खुलाई यातायात आवागमन सुचारु राख्ने प्रयोजनका लागी तपसिल बमोजिमको मर्मत कार्य खरिद गरिएको हुँदा सो को विवरण सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| S. N. | Name of the Works | Bill Amount incl. of VAT (NRs.) |
|---|---|---|
| 1. | Road Clearances & Maintenance Works Along Silpur-Simal Golai-Tilkeni Baikalpik Marga | 22,82,418.23 |
| 2. | Emergency Maintenance Works at Mechi Highway (Maikhola Section) | 14,90,528.31 |
| 3. | Emergency Maintenance Works at Mechi Highway (Hewa Khola and Ramite Danda Section) | 66,40,873.27 |
| 4. | Landslide Clearance Works at Biblyate- Maipokhari- Sandakpur Road | 8,29,843.75 |

**डिभिजन प्रमुख**


**साउदीमा रोजगार** कम्पनी : ALLIED SUPPORT SERVICES OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 314703 चलानी नं. ६०२२९२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper/kitchen Worker/kitchen Cleaner | 4 | 0 | 1200 | ४३,३१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MULTI VISION CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314574 चलानी नं. ६०२२९२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६४,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



**युएइ/साउदीमा रोजगार** कम्पनी : Home City Furniture L.L.C सेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 315066 चलानी नं. ६०२२९४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stevedore Worker | 2 | 0 | 1000 | ३६,९२५ | | | | | | | |

कम्पनी : Zahra Shifa Trading Est सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 315065 चलानी नं. ६०२२९४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 3 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



**साउदीमा रोजगार** कम्पनी : Palm Springs Company Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ LT. No. 314846 चलानी नं.६०२२९२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 30 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Mawarid Human Resources Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 314664 चलानी नं. ६०२२९२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



**साउदीमा रोजगार** कम्पनी : Saudi Iron and Steel Company

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 315074 चलानी नं.६०२२९४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Supervisor | 1 | 0 | 2500 | ९०,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 44 | 0 | 1100 | ३९,७१० | | | | | | | |

कम्पनी : Saudi Iron and Steel Company

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 315073 चलानी नं.६०२२९४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 50 | 0 | 1100 | ३९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 23 | 0 | 1400 | ५०,५४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75



**साउदीमा रोजगार** कम्पनी : AL JAZEERA SERVICES CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०३/३१ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 289271 चलानी नं. ६०२०१२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTER | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम इजाजत नं. ५७४/०६२/०६३



**कतार/युइएमा रोजगार** कम्पनी : GHASHAM INTERNATIONAL RP TECH WLL

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 315088 चलानी नं. ६०२२९३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Men | 10 | 0 | 1600 | ५९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BIN JAMAL RECRUITMET SERVICES- SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/२३ LT. No. 310608 चलानी नं. ६०२२९३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Mechanic Remaining Men | 5 | 0 | 1200 | ४४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | STEEL FIXER Remaining Men | 4 | 0 | 1200 | ४४,३१० | | | | | | | |
| 3. | CLEANER MALE Remaining Men | 3 | 0 | 900 | ३३,२३२ | | | | | | | |
| 4. | Carpenter Remaining Men | 5 | 0 | 1200 | ४४,३१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

# पाटन दरबार संग्रहालयमा थपिँदै नयाँ प्रदर्शनी कक्ष

**ललितपुर (प्रस)**– ललितपुरको पाटन दरबार संग्रहालयमा नयाँ प्रदर्शनी कक्ष थप हुने भएको छ । विश्वसम्पदा सूचीमा रहेको पाटन दरबार क्षेत्रमा अवस्थित संग्रहालयमा ऐतिहासिक कलाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी कक्ष थप गर्न लागेको हो । हाल तीनवटा ऐतिहासिक भवनमा प्रदर्शनी कक्ष रहेका भन्दै ती भवनमा परम्परागत कला झल्कने नयाँ प्रदर्शनी कक्ष थप्न लागिएको दरबार संग्रहालयका प्रमुख सुरेशमान लाखेले जानकारी दिए । उनका अनुसार अन्तर्राष्ट्रिय संग्रहालय दिवसअघि (आगमी जेठ) भित्र उद्घाटन गर्नेगरी प्रदर्शनी कक्ष विस्तारको काम अघि बढेको छ ।



नयाँ थपिएको प्रदर्शनी कक्षमा कलात्मक मूर्ति निर्माण गर्ने चरण प्रक्रियालाई प्रदर्शनीमा राखिने लाखेले जानकारी दिए । ढु..ंगा, काठ र धातुबाट मूर्ति बनाउन सकिने भन्दै उनले मूर्ति निर्माणको चरणबद्ध प्रक्रिया प्रदर्शनमा राखिने उल्लेख गरे । नयाँ थपिएको कक्षमा राख्न ललितपुरका लोक चित्रकारले पौवा, भक्तपुरका इन्द्रकाजी शिल्पकारले काष्ठकला र ललितपुर भैंसेपाटीका चन्द्रश्याम डंगोलले ढुंगाको मूर्ति निर्माण गरी उपहारस्वरूप संग्रहालयलाई हस्तान्तरण गर्ने जनाइसकेको उनले बताए ।

संग्रहालयका प्रमुख लाखेका अनुसार नयाँ थपिने कक्षमा उपहारस्वरूप कला हस्तान्तरण गर्ने सबैलाई उद्घाटन समारोहमा सम्मान गरिने छ । संग्रहालयमा कलात्मक मूर्तिसहित अन्य ऐतिहासिक सामग्री राखिएका भन्दै सिंगो ढु..ंगा र काठबाट कसरी मूर्तिको स्वरूप दिइन्छ भन्ने प्रक्रिया प्रदर्शनीमा नरहेकाले थप कक्ष विस्तार गर्न लागिएको उनले जानकारी दिए । नयाँ कक्षमा थपिने कालात्मक प्रदर्शनीले परम्परागत कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुका साथै आन्तरिक तथा बाहय पर्यटकलाई परम्परागत सीपको अध्ययन गर्ने अवसर प्रदान गर्ने प्रमुख लाखेले बताए । 'पर्यटकलाई संग्रहालयमा सधैं एकै प्रकारका ऐतिहासिक सामग्री देखेर दिक्क लाग्नु स्वाभाविक हो,' उनले भने, 'त्यसैले हामीले नयाँ कलात्मक सामग्री थपेमा संग्रहालयको आकर्षण बढाउने र पर्यटन प्रवर्द्धन गर्ने योजना बनाएका हौं ।'

# मेयर बालेनविरुद्ध वडाध्यक्षले 'मुर्दावाद' भनेपछि...

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) लाई गणतन्त्र विरोधी भएको आरोप उनकै वडाध्यक्षले लगाएका छन् । आइतबार महानगरको ३७औं नगरकार्यपालिका बैठकमा वडा नं. २१ का अध्यक्ष उदयचुणामणि बज्राचार्यले मेयर बालेन्द्र साहलाई यस्तो आरोप लगाएका हुन् ।



आफूहरू लोकतन्त्रवादी, गणतन्त्रवादी भएकै कारण महानगरपालिकाको जनप्रतिनिधिका रूपमा निर्वाचित भएर आएको बताउँदै बज्राचार्यले मेयर बालेन राजनीतिक दल विरोधी, व्यवस्था विरोधी र गणतन्त्र विरोधी चरित्र बोकेर आएको भन्दै प्रत्यक्ष प्रसारणमै उनले मेयरलाई 'मुर्दावाद' भन्न भ्याएका थिए ।

अध्यक्ष बज्राचार्यले मंसिर ७ गते एमालेले दरबारमार्गमा गरेको सभाका दिन मेयर बालेनले प्रतिशोधपूर्ण ढंगले कार्यक्रम समापन नहुँदै पूर्वतयारीसहित एक लाख रूपैयाँ जरिवानाको पत्र पठाएकाले बालेनले राजनीतिक प्रतिशोध साँधेको बताए ।

बालेनको निर्देशनमा पठाएको सो जरिवानापत्र फिर्ता लिनुपर्ने माग राख्दै कार्यपालिका बैठकमा उनले मेयर बालेनलाई गणतन्त्र विरोधी भनेका हुन् । वडाध्यक्षले बालेनलाई गणतन्त्र विरोधी चरित्र बोकेको भन्दै मुर्दावाद भनेलगतै मेयर बालेनले भने बैठकमा कार्यपालिका सदस्यहरूले उठाएका प्रश्नको उत्तर नै नदिई बैठक समापन भएको घोषणा गरेका थिए ।

# पशुपति क्षेत्रका नौ इनारको उत्खनन गरी संरक्षण गरिँदै

**काठमाडौं (प्रस)**– प्राचीनकालमा स्थापना भएका पशुपति क्षेत्रका नौ इनारको उत्खनन गरी जनमसमक्ष चिनारी गराउन थालिएको छ ।

पशुपति क्षेत्रमा पुरातात्त्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण नौवटा इनार रहेको भन्ने विभिन्न पुस्तकमा उल्लेख भए पनि अहिले लोप भइसकेका थिए । ऐतिहासिक महत्त्वका इनार लोप भयो भन्ने गुनासो बढेपछि काठमाडौं महानगरपालिका–८ को सक्रियता र पुरातत्त्व विभागको सहयोगमा महत्त्वपूर्ण इनार उत्खनन गरी संरक्षण थालिएको हो ।

उत्खनन गरिएका दुई इनार संरक्षण गर्न लागिएको महानगरपालिकाको सम्पदा विभाग प्रमुखसमेत रहेका वडा नं ८ का अध्यक्ष आशामान संगतले जानकारी दिए । पशुपति क्षेत्रको नवाली टोलस्थित ताम्रेश्वर महादेव मन्दिर नजिकै र जयवागेश्वरीस्थित इन्द्रेश्वर मन्दिर प्रांगणमा दुईवटा ऐतिहासिक इनार रहेको सूचनाका आधारमा उत्खनन गरी दुवै इनारलाई संरक्षण सुरु गरिएको हो । यी दुवै इनार पुरिएको अवस्थामा फेला परेका हुन् । अरु सात इनारलाई पनि खोजेर संरक्षण गर्ने तयारी भइरहेको वडा कार्यालयले जनाएको छ ।

## बीमालेख हरायो

मिति: २०८१/०८/२३ गते म्याग्दी देखि काठमाण्डौ आउँदा बाटोमा मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (LIC)को बीमा पोलिसी हराएकोले पाउनुहुने माहानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : सोहन रोका**
**ठेगाना :** बरञ्जा ७, म्याग्दी
बीमालेख नं.: २५१६१३३७२
सम्पर्क नं.: ९८४५४७३९६१

## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लि.

केन्द्रीय कार्यालय का.म.न.पा.वडा नं.४, धुम्बाराही, काठमाडौं
सदस्य सुविधा कार्यालय चुच्चेपाटी-६, काठमाडौं
फोन नं.०१-४५२८९६६ ०१-४५३४०६६/Email- goretosave@gmail.com

### १५औं वार्षिक साधारण सभाको सूचना

*(प्रकाशित मिति : २०८१/०८/२४ गते)*

यस संस्थाको सञ्चालक समितिको मिति २०८१/०८/०७ मा बसेको बैठकको निर्णय वमोजिम संस्थाको **१५औं वार्षिक साधारण सभा**मा निम्न विषयहरू उपर छलफल गर्न देहाय वमोजिमको कार्यक्रम सम्पन्न गरिने भएको हुँदा सहकारी ऐन २०४८ को दफा १५ को उपदफा २ अनुसार शेयरधनी महानुभावहरूलाई पत्रमार्फत जानकारी गराइसकेका छौं, यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई गरिमामय उपस्थितिका लागि हार्दिक आमन्त्रण सहित यो **सूचना** प्रकाशित गर्दछौं ।

**१. मिति, स्थान तथा समय :**
**मिति** : २०८१ साल पौष १३ गते, शनिबार
**स्थान** : बरण्डा क्याफे एण्ड रेष्टुरेन्ट चुच्चेपाटी-६,काठमाडौं, (पुरानो नाङ्लो बेकरी पेट्रोल पम्पसँगै)
**समय** : दिउँसो १२:३० बजेदेखि नाम दर्ता
**उद्घाटन** : दिउँसो १२:३० बजे
**निर्वाचन** : २०८१/९/१३ गते निर्वाचन उपसमितिले निर्धारण गरेको समय र तालिका अनुसार
**बन्द सत्र** : २०८१/९/१३ गते (शेयर सदस्यहरूका लागि मात्र)

**२. साधारण सभामा छलफल गरिने विषयहरू :**
(१) सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कार्य प्रगति प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
(२) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्यूले आ.ब.२०८०/०८१ को प्रतिबेदन तथा चालु वर्ष २०८१/२०८२ को अनुमानित विवरण सहितको प्रस्तुत गर्नुहुने आर्थिक प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
(३) लेखापरीक्षण प्रतिवेदन सहित २०५१ साल असार मसान्त सम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
(४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
(५) चालु आ.व. २०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(६) १५औं वार्षिक साधारण सभा बाट अनुमोदन निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सम्पुर्ण सञ्चालक समिति र शेयर सदस्यहरू मध्येबाट १० जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
(७) संस्थाले उत्कृष्ट बचतकर्ता सदस्यलाई सम्मान गर्ने कार्यक्रमको सम्बन्धमा

**(८) सञ्चालक समितिको र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा :**
(क) उम्मेदवारी दर्ता लगाएत सम्पूर्ण कार्यक्रम दिउसो २:३० बजेदेखि निर्वाचन समितिले निर्धारण गरे वमोजिम हुनेछ ।
(ख) मतदान कार्यक्रम सभास्थल बरण्डा क्याफे एण्ड रेष्टुरेन्ट मिति २०८१/०९/१३ गते निर्वाचन उपसमितिले निर्धारण गरेको समयबाट प्रारम्भ हुनेछ ।

**(९) विविध साधारण सभा सम्बन्धी जानकारी :**
(क) शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तकमा दस्तखत गर्नु पर्नेछ ।
(ख) साधारण सभामा उपस्थित हुँदा संस्थाको प्रवेश आज्ञा वा परिचय खुल्ने परिचय पत्र अनिवार्य साथमा हुनु पर्नेछ (बन्द सत्रमा उपस्थित हुनेहरूको हकमा मात्र) ।
(ग) वार्षिक प्रतिवेदन साधारण सभामा उपलब्ध गराइनेछ । जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय धुम्बाराहीमा, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(घ) सभामा आफ्नो जिज्ञासा वा सुझावहरू व्यक्त गर्न चाहने शेयर सदस्यज्यूहरूले भद्र र संयमित भई तोकिएको समयभित्र दिनु हुन अनुरोध गर्दछौं ।

***पुनश्च*** *: संस्थाले साधारण सभामा उपस्थित भई शेयर पुस्तिकामा दस्तखत गर्ने शेयर सदस्यज्यूहरूलाई यातायात खर्चको साथै खाजाको व्यवस्था समेत गरेको छ । (यातायात खर्च प्राप्त गर्नका लागि सदस्यता परिचय पत्र अनिवार्य हुनु पर्नेछ ।)*

## साउदीमा रोजगार

कम्पनी : International Construction Company for Glass
पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 315126 | चलानी नं. ६०२२९४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Worker | 3 | 0 | 1500 | ५४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Worker | 5 | 0 | 1300 | ४७,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## साउदीमा रोजगार

कम्पनी : FAST FOOD OPTIONS PANCAKES RESTAURANT
पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315091 | चलानी नं. ६०२२९३९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing& Packaging Worker | 5 | 0 | 1200 | ४३,३१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH ODAYB AL HARBI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315110 | चलानी नं. ६०२२९३९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing& Packaging Worker | 2 | 0 | 1300 | ४६,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

## युएइमा रोजगार

कम्पनी : Shams alwafa hospitality services co. LLC
पूर्व स्वीकृति मिति : २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 288940 | चलानी नं. ६०२०४२८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## कतारमा रोजगार

कम्पनी : MICRO TRADING & CONTRACTING W.L.L
पूर्व स्वीकृति मिति : २०८१/०२/२१ | पुन : विज्ञापन स्वीकृति मिति २०८१/०८/२३ | LT. No. 305705 | चलानी नं. ६०२२०४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३७,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1400 | ५२,०१८ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९२,८९० | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 0 | 2 | 1000 | ३७,१५६ | | | | | | | |
| 5 | General Supervisior | 2 | 0 | 3000 | ११,१४६८ | | | | | | | |
| 6 | LABOUR | 1 | 0 | 1100 | ४०,८११ | | | | | | | |
| 7 | PLASTER WORKER | 2 | 0 | 1100 | ४०,८११ | | | | | | | |
| 8 | Receptionist | 0 | 5 | 1200 | ४४,५८७ | | | | | | | |
| 9 | SUPERVISIOR | 1 | 0 | 2500 | ९२,८९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## कर्णाली प्रदेश सरकार
भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय
पुर्वाधार विकास निर्देशनालय
पुर्वाधार विकास कार्यालय
खलंगा, जाजरकोट

### काम सम्पन्न गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०८/२४**

यस कार्यालय अन्तर्गतका देहाय बमोजिमका ठेक्का र ठेक्का शिर्षकसंग सम्बन्धीत निर्माण कम्पनीहरूले सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न नगरी सम्पर्क विहिन रहेको र लामो समय देखि निर्माण स्थलमा कुनै पनि निर्माणका कार्य गरीरहेको नपाईएको सन्दर्भमा कार्यालयद्वारा विभिन्न मितिमा तोकिएको सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न पटक-पटक मौखिक तथा लिखित रूपमा जानकारी गराउदा समेत कार्य सम्पन्न गर्न अटेरी गरेको र विभिन्न मितिमा भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालयमा निर्माण कार्य सम्पन्न गर्ने विषयमा छलफल गर्न कम्पनीको मुख्य ब्यक्तिलाई बोलाइएकोमा उक्त बैठकहरूमा समेत सहभागी नभई अटेरी गरेको विषयमा यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । सम्झौता अनुसारको कार्य सम्पन्न गर्न निर्माण कम्पनीले आफैले पेश गरेको कार्यतालिका अनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य अलपत्र पारी चरम लापरवाही गरेको र कार्य सम्पन्न गर्न आवश्यक अग्रसरता र चासो नदेखाएको हुँदा सम्बन्धित निर्माण कम्पनीलाई तुरून्त कार्य शुरूगरी तोकिएको म्यादभित्र कार्य सम्पन्न गर्नहुन यो सूचना गारी गरिएको छ । यो सूचनालाई वेवास्ता गरी कार्य सम्पन्न नगरेको अवस्थामा ठेक्का सम्झौताका शर्तहरू र प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल:**

| सि. नं. | ठेक्का नं. | ठेक्का शिर्षक | सम्झौता मिति | ठेक्का म्याद रहेको मिति | निर्माण कम्पनीको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| १ | IDO/JKT/W/NCB/17/077-078 | छेडा थालह सनाखोला चांदे जुम्ला सडक,जुनिचादे (सनाखोला चांदे जुम्ला सडक खण्डको ३० कि.मि.) | २०७८/०९/०५ | २०८२/०९/०४ | अमर-सिस्ने जेभी, नेपालगञ्ज-२, बाँके |

## बेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/८/२४)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित ) | कैफियत |
|---|---|---|---|---|
| १. | **BED/NCB/BW/081/82-03** *Construction of Ward Office Building, bedkot-06, Kanchanpur* | **Dristi Infrastructure Pvt.Ltd Bheemdatt-01, kanchanpur** | ५३,२३,७३५.६२ | |

प्रमुख प्रशासकीय अधिकृत

## रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०८/२४**

यस कार्यालयबाट मिति २०८१।०७।१५ को आर्थिक राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालय परिसरमा बाँसको प्रयोग गरी वनेको पुस्तकालय, प्रशासकीय भवन, प्रवेशद्धार तथा सूचना केन्द्र निर्माण योजना Construction of Bamboo Library, Administrative Block, Entrance Gate and Information Centre at Ratnanagar Premises (RAT/CHITWAN/Works/NCB/17/2081-82) कार्यका लागि E-Bidding मार्फत यस रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा पेश हुन आएका बोलपत्र प्रस्तावहरूको मुल्यांकन गर्दा तपसिल बमोजिम बोलपत्र प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को उपदफा १ मा व्यवस्था भए बमोजिमको प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | कार्यालय परिसरमा बाँसको प्रयोग गरी वनेको पुस्तकालय, प्रशासकीय भवन, प्रवेशद्धार तथा सूचना केन्द्र निर्माण Construction of Bamboo Library, Administrative Block, Entrance Gate and Information Centre at Ratnanagar Premises (RAT / CHITWAN/Works/NCB/17 /2081-82) | श्री Samrat Builders, Bharatpur-10, Chitwan | रु. १,००,४८,६०४।५१ (एक करोड अठ्चालिस हजार छ सय चार रुपैयाँ र पैसा एकाउन्न मात्र ।) |

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कहिले सुध्रिने खै माननीयहरू !

संसदीय समितिमा अहिले विधेयकको चाङ लागेको छ । महत्त्वपूर्ण मानिने बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन)देखि लिएर संघीय निजामती सेवा विधेयकसम्मका १९ विधेयक अहिले विभिन्न संसदीय समितिमा छन् ।

दर्जन समितिमा भएका विधेयकहरू कहिले दफावार छलफल सकिएर सदनमा टेबल हुने हो पत्तो छैन । हुन त अहिले सदन बन्द गराएर सभामुख देवराज घिमिरे सभा सम्मेलनमा भाषण गर्नमै व्यस्त छन् । यता अरु सांसदहरू पनि सभामुखसँग हो मा हो मिलाएर दुई महिनादेखि बिदा मनाइरहेका छन् । सदन सुरू नभएसम्म सांसदहरू संसदीय समितिमा आउने प्रयास नै गर्दैनन् । न त अध्ययन, न त चासो । बिचौलियाले बोल्न कर गरेमात्र समितिमा फाइल बोकेर जाने सांसदहरूलाई न त सभामुखको किचकिच छ न त संसदीय समितिका सभापतिहरूको ।

यसैले पनि संसदीय समितिका सदस्यहरू यति धेरै अटेरी बनेका छन् कि महत्त्वपूर्ण छलफलहरूमा पनि गयल भइरहेका छन् । मंसिर ५ गते संसदीय समितिमा सांसदहरूले ‘टिजर‘ देखाएका थिए, उपस्थित नभएर । यसैगरी आइतबार संसदीय समितिमा चल्न सक्ने निरन्तरताको ‘ट्रेलर’ देखाएका छन् । जुन शिक्षा समितिमा गणपूरक संख्या नै उपस्थित नभएर ।

सांसदको पहिलो जिम्मेवारी हो नीति तथा कानुन बनाउनु । अहिले संघीय निजामती कानुन नभएर संघीयता कार्यान्वयमा चर्को समस्या झेल्नुपरेको छ । अर्थतन्त्र खस्कँदो छ । बेरोजगार उत्तिकै छ । सरकारको कमजोरीका कारण व्यवसाय ठप्प छ । जसकारण राजस्व उठ्न सकेको छैन । अब सरकारी कर्मचारीलाई तलब दिन पनि ऋणको भर पर्नुपर्ने अवस्था आउन्न भन्न सकिन्न ।

यस्तो अवस्थालाई टेबल ठोक्दै सदनमा चिच्याउने सांसदले पहिले आफ्नो अनुहार ऐनामा हेर्न जरुरी छ । देश किन कमजोरीमा फस्दै छ ? यसको मुख्य कारण सहज नीति नबनेर हो । नीति तथा कानुन बनाउने काम सांसदहरूको हो । उनीहरू नै सदनदेखि संसदीय समितिमा उदासीन देखिएपछि कानुन कसरी बन्ने ? अनि आफैं काम नगर्ने अनि कर्मचारीतन्त्र या अरुलाई दोष लगाएर पन्छिने सांसद, मन्त्रीहरूको सोचलाई बदल्न जरुरी छ । आफैं काम नगर्ने अनि व्यवस्थामाथि दोष लगाउनु सांसदहरूको मूर्खता हो । यसलाई चाँडै सुधार गर्न जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- ‘मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला’ भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- ‘गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।’

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- ‘मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- ‘म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु’ भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# स्वास्थ्यकर्मीहरूको सुरक्षामा बढ्दो चुनौती



■ डा. बच्चुकैलाश कैनी

> नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ । यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ । त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरुद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नुपर्ने देखिन्छ । स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरूको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुने छ ।

जहाँ स्वास्थ्यकर्मी हुन्छन्, त्यहाँ स्वास्थ्य संस्था हुन्छ र बिरामी वा सेवाग्राही उपचारका लागि जान्छन् । रोगको परीक्षण, पहिचान, निदान र स्वास्थ्य उपचारका लागि एक अनिवार्य सर्त स्वास्थ्यकर्मीको उपस्थिति हुनु हो । त्यसैले स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थाको मरुदण्ड मात्रै हैनन्, मुख्य पात्र र अभिन्न अंग नै हुन् । स्वास्थ्यकर्मीहरू हाम्रो समाज, सेवाग्राही, बिरामी, उनीहरूका परिवार र स्वास्थ्य संस्थाहरूका लागि धेरै अर्थमा नायकहरू हुन् ।

हाम्रो समाजका यिनै नायक स्वास्थ्यकर्मीहरू बिरामीको सेवामा अनवरत रूपमा चौबिसै घण्टा खटी हरेक सेवाग्राहीका लागि जस्तोसुकै अवस्थामा पनि सेवा उपलब्ध गराउँदा बिरामी वा बिरामीका आफन्तहरूबाट हिंसाको सिकार हुनु परेको कुरा तथ्यांकले देखाएको छ । यो हाम्रो आजको समाजको तीतो यथार्थ हो ।

विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनअनुसार स्वास्थ्यकर्मीमाथि हुने हिंसाको दर पेसा, समूह र मुलुकअनुसार कम्तीमा समग्रमा आठ प्रतिशतदेखि बढीमा ३८ प्रतिशतसम्म छ । यसमध्येमा स्वास्थ्यकर्मी माथिको अधिकांश हिंसा बिरामी र बिरामीको आफन्त वा कुरुवाबाट नै हुने गरेको छ । विश्वव्यापी रूपमा गरिएको अर्को एक अध्ययनअनुसार कुनै देशमा ६२ प्रतिशतसम्म स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा हिंसाको अनुभव गरेको कुरा उल्लेख गरिएको छ । यसमध्ये सबैभन्दा बढी गैरशारीरिक हिंसाको रूपमा ५८ प्रतिशतले मौखिक दुर्व्यवहार, ३३ प्रतिशतले धम्की र १२ प्रतिशतले यौन उत्पीडनसम्बन्धी हिंसा भोगेको कुरा प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा पनि कार्यस्थलमा स्वास्थ्यकर्मीविरुद्ध हुने हिंसा एक गम्भीर समस्या बनेको छ । यो समस्या विशेषगरी चिकित्सक र नर्सहरूमा बढी देखिएको छ । सन् २०२३ मा प्रकाशित एक अनुसन्धानका अनुसार काठमाडौंमा ३६९ स्वास्थ्यकर्मीहरूमा गरिएको एक सर्वेक्षण अध्ययनमा ५४ प्रतिशत नर्स र ४५.५ प्रतिशत चिकित्सकले आफ्नो कार्यस्थलमा कुनै न कुनै प्रकारको हिंसा भोगेको कुरा उल्लेख गरेका छन् ।

स्वास्थ्यकर्मीमाथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन् । यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरूका आफन्तहरू स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो । बिरामी वा उनीहरूका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ । त्यस्तै कुनै कारणबस स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुनसक्छ । यसैको कारण वा अन्य कुनै कारणले बिरामीको अप्रत्यासित मृत्युपछि बिरामी वा उनीहरूका आफन्तबीच आक्रोश उत्पन्न हुन्छ । फलस्वरूप यी घटनाहरूले वा प्रतिक्रियाहरूले हिंसाको रूप लिन सक्छ ।

यसैगरी, स्वास्थ्यकर्मीहरूमा उच्च कार्यभार, स्वास्थ्य संस्थाहरूमा अपर्याप्त स्रोतसाधन र बिरामीको चापका कारण पनि स्वास्थ्य संस्थाहरूमा तनावको अवस्था सिर्जना हुन सक्छ । यसले हिंसात्मक घटनालाई बढावा दिन सक्छ ।

स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । हिंसाका कारण उनीहरूको कामप्रतिको लगाव घट्न सक्छ । यसको प्रत्यक्ष प्रभाव सेवाग्राही वा बिरामीको सेवाको गुणस्तरमा पुग्छ । साथै, स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाकै कारण स्वास्थ्यकर्मीहरूमा उच्च तनाव, डिप्रेसन र बर्नआउटको समस्या पनि देखिन सक्छ । यस्ता समस्याले स्वास्थ्यकर्मीहरूलाई नकारात्मक प्रभाव पार्ने नै भयो, त्यसको असरले हाम्रो समाज, स्वास्थ्य प्रणाली र बिरामीहरूमासमेत प्रतिकूल प्रभाव पर्न सक्छ ।

धेरैजसो स्वास्थ्यकर्मीहरूले हिंसाका घटनाहरूलाई सम्बन्धित निकाय र आफ्नै स्वास्थ्य संस्थामासमेत जानकारी गराउँदैनन् । यसका मुख्य कारणहरूमा आफूले हिंसा भोगेको अवस्थामा स्वास्थ्यकर्मीहरूमा आफ्नै स्वास्थ्य संस्थाको व्यवस्थापनले आवश्यक सहयोग गर्छ भन्ने आभास नमिलेको हुन सक्छ । त्यसैगरी, प्रहरी प्रशासन वा न्याय प्रणालीप्रति अविश्वास हुनु र उनीहरूलाई आफ्नै पेसागत प्रतिष्ठामा असर पर्न सक्ने डर हुनु अरु कारणहरू हुन् । यसका साथै कतिपय स्वास्थ्य संस्थाहरूले आफ्नो आन्तारिक सुरक्षा प्रणालीलाई भौतिक वा प्राविधिक रूपमा मजबुत बनाउन सकेका छैनन् । यिनै कारणहरूले गर्दा नेपालमा स्वास्थ्यकर्मीहरूको सुरक्षामा बढ्दो चुनौती थपिएको छ ।

नेपालमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसासम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ । तर पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन । स्वास्थ्य संस्थाहरूमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीउपर हुनसक्ने आक्रमण रोक्न, स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई हानिनोक्सानी पुऱ्याउने व्यक्तिलाई सजाय दिलाउन स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुरक्षासम्बन्धी ऐन, २०६६ ल्याइएको छ । तर पनि व्यवहारमा यो ऐन पर्याप्त रूपमा लागू भएको देखिँदैन ।

स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सम्बन्धित सबै सरकारी, स्वास्थ्य संस्था, नियमन निकाय र अन्य सबै पक्षहरू मिलेर बहुआयमिकरूपमा काम गर्नु आवश्यक देखिन्छ । यसमध्ये पहिलो र तत्काल गर्न सकिने काम भनेको हाल विद्यमान नियम र कानुनको तत्काल अक्षरश कार्यान्वयन गर्ने हो । स्वास्थ्यकर्मीको सुरक्षाका लागि बनेको कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै पक्षले उचित ध्यान दिने हो भने यसलाई तत्काल कम गर्न सकिन्छ । यसका लागि स्थानीय प्रशासन, प्रहरी र स्वास्थ्य संस्थाबीच हातेमालो, समन्वय र सहयोगको आवश्यकता छ ।

स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई प्रशिक्षण दिएर तथा उनीहरूमा जनचेतना अभिवृद्धि गरेर पनि स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सकिन्छ । यसका लागि स्वास्थ्यकर्मीहरूलाई तनाव व्यवस्थापन, सञ्चार सीप र आत्मरक्षासम्बन्धी प्रशिक्षण प्रदान गर्न सकिन्छ । साथै, बिरामी र उनीहरूको आफन्तहरूमा पनि स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र सुविधा, त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीहरू र स्वास्थ्य सेवाको प्रक्रियाबारे उचित जानकारी दिनसक्ने हो भने यो समस्या कम गर्न केही हदसम्म सहयोग पुग्छ ।

बिरामी र उनीहरूका आफन्तहरू आफैं तनावमा हुन्छन् । आफैं आर्थिक, मानसिक र स्वास्थ्य समस्याहरूसँग जुधेका हुन्छन् । कतिपय अवस्थामा स्वास्थ्यकर्मीहरूले बिरामीसँग नम्र बोल्ने, साहनुभूतिपूर्वक शालीन व्यवहार देखाउने र बिरामीलाई पर्याप्त समय दिएर रोग, औषधि, उपचार, यसको प्रभाव आदिबारेमा सबै आवश्यक जानकारी दिने हो भने पनि बिरामी र स्वास्थ्यकर्मीहरूबीचको सम्बन्ध सुमधुर बनाउन सकिन्छ । यसले अवश्य पनि हिंसा रोक्न सहयोग गर्छ ।

नेपालका स्वास्थ्य संस्थाहरूमा सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्नु जरुरी देखिन्छ । कतिपय केन्द्रीय र विशिष्ट प्रकारका सेवा उपलब्ध गराउने निजी एवं अन्य सरकारी स्वास्थ्य संस्थाहरूमा नेपाल प्रहरीले सुरक्षाकर्मी उपलब्ध गराए पनि स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने हिंसा रोक्न पर्याप्त छैन । त्यसैले हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूमा आफैंले पर्याप्त सुरक्षा कर्मचारीको व्यवस्था गर्नुपर्छ । हरेक अस्पताल र स्वास्थ्य संस्थाहरू आधुनिक प्रविधिहरू जस्तै सिसिटिभी क्यामरा र आपत्कालीन उद्धार प्रणाली वा आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गर्नु, त्यसको प्रभावकारी निरीक्षण, अनुगमन र कार्यान्वयन गराउनु पनि आवश्यक छ ।

स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसाको भौतिक, शारीरिक र मनोवैज्ञानिक पक्ष पनि छ । हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूले हिंसाका घटनामा परेको स्वास्थ्यकर्मीलाई परामर्श र मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनुपर्छ ताकि उनीहरूले मानसिकरूपमा पुनःसक्रियता हासिल गर्नसक्ने बनून् र पूर्णरूपमा शारीरिक र मानसिकरूपमा स्वस्थ बनून् ।

यी सबै कुराहरूको साथसाथै नेपालमा स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसा कम गर्न नीतिगत सुधार पनि गर्नु जरुरी छ । स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि अहिले भएका नीति नियम र कानुनहरू परिमार्जन गर्दै थप कडा नियमहरू बनाउनु आवश्यक छ । यस्तो नयाँ नियममा हिंसामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्ने प्रावधान राख्नु जरुरी छ । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन २०६६ मा आवश्यक संशोधन गरी स्वास्थ्यकर्मी माथि हातपात भएमा तत्काल गैरजमानती गिरफ्तार (जेल विदआउट बेल) गर्ने व्यवस्था प्रभावकारी बनाई लागू गर्नुपर्छ ।

नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ । यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ । त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरुद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नुपर्ने देखिन्छ । स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरूको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुने छ । *रासस*

*(बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनमा परामर्शदाता रहेका लेखक स्वास्थ्य सेवा व्यवस्थापनका प्राध्यापक पनि हुन्)*

## पत्र-मञ्जुषा

# काण्ड एउटै, सरकारको व्यवहार भने बेग्लाबेग्लै !

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तेस्रोपटक २०७९ पुस ११ गते प्रधानमन्त्री भए । उनी प्रधानमन्त्री हुँदा ‘ठूलठूला माछा’ जेलमा पुगे । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाएको आरोपमा पूर्वगृहमन्त्री बालकृष्ण खाण, एमाले नेता टोपबहादुर रायमाझी, सरकारका सचिवलगायत जेल चलान भए ।

आफ्नै पार्टीको उपाध्यक्ष कृष्णबहादुर महरालाई पनि सुन तस्करी प्रकरणमा पक्राउ गरे । कान्तिपुर मिडिया ग्रुपका साहु कैलाश सिरोहिया उनकै पालामा नागरिकता कीर्तेमा समातिए । भाटभटेनी सुपरमार्केटका साहु मीनबहादुर गुरुङलाई पनि ललिता निवास जग्गा प्रकरणमा पक्राउ गरियो । बाँसबारी छाला जुत्ता प्रकरणमा विवादित व्यापारी तथा डलर अर्बपति विनोद चौधरीका भाइ अरु चौधरी प्रहरीको फन्दामा परे ।

भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवापत्नी आरजु देउवा र झापाको गिरीबन्धु टी-स्टेटको जग्गा हिनामिना प्रकरणमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई समात्न खोज्नेबित्तिकै दाहाल सरकार ढल्यो । ओली प्रधानमन्त्री बनेको पाँच महिना भयो । पाँच महिनामा उनले सिन्को भाँचेनन् । सहकारी सञ्चालकले बचतकर्ताको खर्बौं रूपैयाँ खाइदिएका छन् । सडकमा मकै पोल्नेदेखि साग बेच्ने, चटपटे बेचेर गुजारा गर्नेसम्मको पैसा सहकारीले झ्वाम पारिदिएको छ । तर, वर्तमान सरकार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेको पछाडि मात्र हात धोएर लागेको छ ।

विभिन्न जिल्ला पुऱ्याएर सरकारले नौटंकी गरिरहेको छ । अन्य सहकारीका सञ्चालक र कर्मचारीलाई नसमात्ने, एउटालाई समातेर नौटंकी गर्ने ! अरुलाई पनि त भटाभट कारबाहीको दायरामा ल्याउनुपर्‍यो । छानबिन गर्ने हो भने मुलुकभर सञ्चालित सहकारीमध्ये ७० प्रतिशत एमाले कार्यकर्ताको हो । ३० प्रतिशत कांग्रेस, माओवादी, एकीकृत समाजवादी, राप्रपा, रास्वपा, मधेसी दलको भागमा आउँछ । ओलीले आफ्नो कार्यकर्ता जोगाउने खेल खेलिरहेका छन् । कानुन सबैलाई बराबर हुन्छ । कारबाही गरेपछि जम्मैलाई गर । एउटा व्यक्तिको पछाडि मात्र सरकार लाग्दा त आमसर्वसाधारणमा पनि शंका उब्जिएको छ ।

सहकारीकै पीडित बचतकर्ता भन्छन्, ‘सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्‍यो । यो एउटालाई मात्र समातेर अन्य बचतकर्ताको हकमा चाहिँ के हुन्छ ?’ आफ्नो पार्टीका नेता-कार्यकर्तालाई ओलीले कसरी बचाउँछन् ? यो जनताको आँखा सामुन्ने छर्लंग छ । मानव तस्करीको आरोपमा समातिएका कोशी प्रदेशका कानुनमन्त्री लीलाबल्लभ अधिकारीलाई जोगाइएको छ । उनीमाथि मुद्दा नचल्ने निर्णय गराइएको छ । ओलीको यस्तै पाराले एमाले मट्टीमा मिल्दै छ । गत मंसिर १६ गते भएको स्थानीय तहको उपनिर्वाचनले नै एमाले जनताको नजरमा कहाँ छ ? भन्ने प्रटचाइसकेको छ ।

सरकार गठन भएको यत्रो महिना बितिसक्दा ओली सरकारको प्रगति केही छैन । हावादारी भाषणबाहेक ओलीले केही गर्न जानेनन् । आफ्नाले जतिसुकै गल्ती गरे पनि जोगाउने ओलीकै कारण पार्टी सकिने देखिएको छ । दाहालले आफ्नै पार्टीका उपाध्यक्षलाई समाते । जनयुद्धमा उनीहरूसँगै भूमिगत गएका थिए ।

तर, उनले त्यो हेरेनन् । वर्तमान सरकार आफ्नोलाई बचाउने र आफूले गरेको अपराध लुकाउनेमै ध्याउन्न छ । त्योबाहेक यो सरकारबाट केही हुन्छ भनेर जनताले अपेक्षा नगर्दा पनि हुन्छ । एमालेकै कार्यकर्ता ओलीका कारण एमाले सकिएको बताउँछन् । यता, पार्टीभित्र पनि यस विषयमा बहस चलिसकेको बुझिन्छ । यता, कांग्रेसका कार्यकर्ता आरजुका कारण कांग्रेसको छविमाथि दाग लागेको बताउँछन् । कांग्रेसको उपसभापति धनराज गुरुङ र एमालेका नेता ऋषिकेश पोखरेलमाथि कारबाही गर्ने सरकारको कुनै सुरसार छैन । उनीहरू पनि सहकारी काण्डमा मुछिएका छन् । तर, किन नसमातेको ? गम्भीर प्रश्न उठेको छ ।

कतै ओलीले तिनलाई जोगाउन खोजेका त होइनन् ? यता, माओवादीका नेता शक्तिबहादुर बस्नेत, रास्वपाका नेता डिपी अर्याल, राप्रपाकी सांसद गीता बस्नेतलाई पनि पक्राउ गरिएको छैन । एउटै काण्डमा कसैलाई समात्ने र कसैलाई छोड्ने अन्याय भएन र ? जोजो मुछिएको छन्, सबैलाई समातेर कारबाहीको दायरामा ल्याउनुपर्ने होइन र ?

अनुसन्धान गर । रविलाई समातेको दुई महिना हुन लाग्यो । सरकारले अरुलाई समात्न चाहेको भए यति समय पर्याप्त थियो । सहकारी पीडितहरू अरु पनि समातिन्छन् कि भनेर हेरेर बसे । तर, सरकारले अरुलाई समात्न चासो नै देखाएन । यदि सरकारले अरु सहकारी ठगीमा मुछिएकालाई समात्ने हो भने चर्को विरोध सुरु हुने छ ।

**- अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**भुव नृत्य प्रस्तुत |** कैलाली उद्योग वाणिज्य संघद्वारा धनगढीमा सञ्चालित 'सुदूरपश्चिम महोत्सव' का अवसरमा लोक, संस्कृति झल्कने भुँव नृत्य प्रस्तुत गर्दै बाजुरा सेवा समाजका कलाकार । *तस्बिर: तिलकराज ओझा/रासस*

## बाँकेका द्वन्द्वपीडित भन्छन्-

# प्रभावकारी उपचारको व्यवस्था हुनुपर्छ

■ **युवराज पाण्डे**

**नेपालगञ्ज (बाँके)**– द्वन्द्वकालमा शारीरिक तथा मानसिक यातनाबाट पीडित बनेका बाँकेका द्वन्द्वपीडित अहिले पनि कष्टकर जीउन बिताउन बाध्य छन् । द्वन्द्वकालमा पाएको शारीरिक तथा मानसिक यातनासँगै प्रभावकारी उपचार नपाउँदा समयमा नपाउँदा सास्ती खेप्नुपरेको द्वन्द्वपीडितको भनाइ छ ।

जिल्लाको कोहलपुर-११ की कली परियारको अहिले दाहिने कुहिनाले राम्रोसँग काम गर्न सक्दैन । 'मेरो अहिले दाहिने पातो चल्दैन, चिकित्सकले कुटपिट भएकाले समस्या भएको भन्दै आएका छन्,' उनले भनिन् । आफू अपांगताको अवस्थामा पुगेको भन्दै सरोकार भएकाले प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिइन् । 'श्रीमान् अहिले पनि बेपत्ता हुनुहुन्छ, धेरै वर्ष बित्यो । मानसिक पीडा छँदै छ, अहिले शारीरिक पीडा पनि थपिएको छ । औषधि उपचार गर्न कठिनाइ भइरहेको छ । राज्य तथा सरोकार भएका निकायले निःशुल्क औषधि उपचारको व्यवस्था गरे हामी पनि सामान्य जीवन जीउन सक्ने थियौं,' परियारले भनिन् ।

द्वन्द्वपीडितको जीविकोपार्जनका लागि आयमूलक सीप विकास, आम्दानीको दिगो स्रोत व्यवस्थापन र स्वास्थ्य उपचारको व्यवस्था हुनुपर्नेमा उनले जोड दिइन् । 'अंगभंग भएकाहरूको शरीरलाई मलम लगाउन निःशुल्क औषधि, उपचारको व्यवस्थाका साथै आयआर्जनमा जोडिन सीप विकास आवश्यक छ,' उनले भनिन् ।

राप्तीसोनारी गाउँपालिकाका द्वन्द्वपीडितका घाइते रामरतन थारूले तत्कालीन समयमा विभिन्न यातना पाएर बाँचेको भन्दै औषधि, उपचार नपाउँदा थप सास्ती भइरहेको सुनाए । उनले भने, 'द्वन्द्वकालमा पाएको यातनाले अहिले अपांग भएको छु । दुवै भाँचिएकाले वैशाखीको सहाराले अलिअलि हिँड्डुल गर्न सक्छु । उपचारका लागि पैसा छैन, उपचारको व्यवस्थासहित अंगभंग भएकाहरूका लागि ' जीवन निर्वाह भत्ता' को व्यवस्था गरिनुपर्छ ।'

द्वन्द्वपीडित थारूले अहिलेसम्म कुनै राहत नपाएको उल्लेख गर्दै वास्तविक पीडितले न्याय पाउनुपर्नेमा जोड दिए । जुनसुकै सरकारी कार्यालयमा काम गर्दा/गराउँदा द्वन्द्वपीडितलाई पहिलो प्राथमिकता दिन आग्रह गर्दै उनले कर छुट, सरकारी तथा निजी अस्पताल निःशुल्क उपचारको व्यवस्थापन गरिदिन सरोकार भएका निकायसँग आग्रह गरे । थारूले भने, 'उच्च शिक्षासम्म द्वन्द्वपीडितका छोराछोरीलाई निःशुल्क पढाइको व्यवस्था गरिदिनुपर्छ । क्षतिपूर्तिसहित अन्तरिम राहतको व्यवस्था, कुनै पेसा/व्यवसाय गर्न चाहनेका लागि विनाधितो ऋणको व्यवस्था गर्नुपर्छ ।' उनले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) मा असहमति जनाउँदै विधेयक पीडितमैत्री नभएको गुनासो गरे ।

बैजनाथ गाउँपालिका-८ की विनिता चौधरीले द्वन्द्वकालमा आफ्नो बुवाको हत्या भएपछि शारीरिक तथा मानसिक यातना खेप्नुपरेको बताइन् । २०५८ मंसिर १७ गते बुवाको हत्या भएपछि आफू मानसिक यातनाले आत्महत्या गर्ने सम्मको अवस्थामा पुगेको भन्दै केही अधिकारकर्मीको संरक्षण पाएर उक्त घटना नभएको उल्लेख गरिन् । 'मानसिक यातनाले मानिसले भित्रभित्रै रोगी बनाउँछ । मानसिक यातनाले आत्महत्या गर्ने अवस्था पुगेकी थिएँ । आमाले अहिले पनि दैनिक औषधि सेवन गरिरहेको छ,' उनले भनिन् । द्वन्द्वकालमा बुवाको हत्या भएपछि आमामाथि बोक्सीको आरोपमा कुटपिटसमेत भएको घटना सुनाउँदै द्वन्द्वपीडितलाई आत्मसम्मानपूर्वक बाँच्न दिनुपर्ने उनले माग गरिन् ।

चौधरीले बुवाको हत्याको कारण थाहा पाउनुपर्ने उल्लेख गर्दै सदनबाट पास भएको टिआरसी विधेयक द्वन्द्वपीडितलाई न्याय दिने किसिमको नभएको टिप्पणी गरिन् । 'पीडकलाई कुनै हालतमा छुट दिनुहुँदैन, उनीहरूलाई कानुनी कारबाही हुनुपर्छ,' उनले भनिन् ।

राप्तीसोनारी-८ का देवबहादुर डिसीले अहिले पनि राम्रोसँग कान सुन्न नसक्ने बताए । द्वन्द्वकालमा आफूमाथि भएको शारीरिक यातनाले उनको श्रवणशक्ति कमजोर भएकाले उपकरणको सहारा लिनुपरेको उनले उल्लेख गरे । 'शारीरिक यातनाका कारण घाइते र अपांगता भएको हुँ, अब राज्य र सरोकार भएकाले उचित उपचारसहित आम्दानीमूलक सीप विकाससम्बन्धी योजना ल्याएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्छ,' उनले भने । द्वन्द्वपीडित सञ्जाल बाँकेका अध्यक्षसमेत रहेका डिसीले दोषीमाथि कारबाही हुँदा द्वन्द्वपीडितलाई न्याय हुने उल्लेख गर्दै औषधि उपचारलाई सहज बनाइदिन सरोकार भएका पक्षलाई आग्रह गरे ।

नेपाल पिस विल्डिङ इनिसिएटिभका कार्यक्रम प्रबन्धक मिबुसा घिमिरेले द्वन्द्वमा भएका गम्भीर प्रकारका घटनाका विषय संवेदनशील भएको औंल्याउँदै पीडितको पक्षमा स्थानीय सरकारबाट विस्तारै असल अभ्यास हुँदै गएकाले यसलाई सकारात्मक रूपमा लिनुपर्ने बताए । यस परियोजनाले द्वन्द्वपीडितका पक्षमा लुम्बिनी प्रदेशको बाँके, बर्दिया, रोल्पा र दाङमा काम गर्दै आएको छ ।

राप्तीसोनारी गाउँपालिकाकी उपाध्यक्ष मनिषा सिंह थारूले द्वन्द्वपीडितका लागि द्वन्द्वपीडित सञ्जाल गठन गरेर निःशुल्क स्वास्थ्य उपचारको प्रबन्ध गरिएको जानकारी दिइन् । जिल्ला प्रशासन कार्यालय बाँकेले अहिलेसम्म १२२ जना अपांगता भएका द्वन्द्वपीडितले राहत लिएको जनाएको छ । साथै ६५ जना द्वन्द्वपीडितले जिल्लामा जीवन निर्वाह भत्तासमेत लिएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जका अनुसार जिल्लामा द्वन्द्वमा मृत्यु हुनेको संख्या २८४, बेपत्ता ६२ र १४ अंगभंग भएका छन् । *रासस*

# तनहुँका ४५ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध



**दमौली (तनहुँ)**– जिल्लामा ४५ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । जिल्लास्थित स्वास्थ्य बिमा बोर्डका अनुसार जिल्लाका तीन लाख २१ हजार १५३ जनामध्ये एक लाख ४५ हजार ७९८ जना स्वास्थ्य बिमामा आबद्ध भएका हुन् ।

विपन्न नागरिकतर्फ दुई हजार ५८९ परिवार र साधारणतर्फ २४ हजार ८८६ परिवारको स्वास्थ्य बिमा गरिएको कार्यालयका संयोजक सिर्जना पोखेलले जानकारी दिए । उनका अनुसार १९ हजार ९३३ ज्येष्ठ नागरिक, १८७ एचआइभी संक्रमित, चार जना क्षयरोगी, ६५५ अपांगता भएका व्यक्तिको स्वास्थ्य बिमा भएको छ ।

अझै ५५ प्रतिशत नागरिक बिमाको पहुँचबाहिर रहेकाले जनचेतना जगाएर आबद्ध गराउने योजना रहेको संयोजक पोखेलले बताए । जनचेतनाको कमी र गरिबीका कारण अझै पनि ठूलो जनसंख्या स्वास्थ्य बिमामा आबद्ध हुन नसकेको उनको भनाइ छ । सर्वसाधारणले प्रथम सेवा विन्दुमा विशेषज्ञ स्वास्थ्यकर्मी, औषधि र उपकरणको पर्याप्त सुविधा नहुँदा सबै प्रकारका स्वास्थ्य सेवा लिनबाट वञ्चित भएका संयोजक पोखेलको बुझाइ छ । उनका अनुसार जिल्लामा स्वास्थ्य बिमामा आबद्ध भएकालाई प्रथम सेवा विन्दु छ वटा रहेका छन् । पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्र, भिमाद प्राथमिक स्वास्थ्य केन्द्र, बन्दीपुर अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र, दमौली अस्पताल र आँबुखैरेनी अस्पतालबाट सर्वसाधारणले स्वास्थ्य बिमाको सुविधा पाउने गरेका उनले जानकारी दिए ।

स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन पाँच जनासम्मको परिवारले वार्षिक रूपमा तीन हजार ५०० रूपैयाँ तिर्नुपर्दछ । परिवारमा पाँचभन्दा बढी सदस्य भएमा प्रतिसदस्यको ७०० रूपैयाँका दरले थप रकम तिर्नुपर्ने प्रावधान रहेको संयोजक पोखेलले जानकारी दिए । स्वास्थ्य बिमा नियमावली २०७५ ले ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई संघीय सरकारले प्रिमियम रकम तिरेर निःशुल्क स्वास्थ्य बिमा गर्दै आएको छ ।

सरकारले बिमामा आबद्ध पाँच सदस्यलाई वार्षिक एक लाख रूपैयाँ बराबरको स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । नेपालको संविधान, २०७२ को धारा ३५ मा आधारभूत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकका रूपमा स्थापित गरेपछि नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन आर्थिक वर्ष २०७२/७३ देखि यो कार्यक्रम लागू गरिएको हो । *रासस*


श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरी ब्यारेक काठमाडौं

**मोटर ग्यारेज निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(पहिलो पटक प्रकाशित मिति २०८१/०८/२४ गते)

१. यस कलेजको हाताभित्र आ.व.०८१/८२ मा मोटर ग्यारेज निर्माणको गर्नको लागि e-GP प्रणालीद्वारा दरभाउपत्र पेश गर्न यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | सिलबन्दी दरभाउपत्र | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिलबन्दी दरभाउपत्र जमानत रु. | दस्तुर रु. | मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | |
| NA/ACSC/MISC/ ०८१/०८२/०३ | मोटर ग्यारेज निर्माण | सिलबन्दी दर भाउपत्रको कागजातमा उल्लेख भए अनुसार | ४२,०००।०० | १,००। | ४५ दिन | २०८१।०९।०८ गतेको १२:०० बजेभित्र | २०८१।०९।०८ गतेको १३:०० बजे | |

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी श्री सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मा राखिएको छ ।

३. सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस कलेजको फोन नं.: ०१-५२४८०३३, ०१-५२४८०६६ मा सम्पर्क राख्न सकिनेछ ।



मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

प्रदेश स्वास्थ्य तालिम केन्द्र

**प्रदेश स्वास्थ्य तालिम केन्द्रको अत्यन्त जरुरी सूचना**

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट नियमित रूपमा विभिन्न विषयका प्रशिक्षक तयार गर्दै गरेको तर आवश्यक परेको समयमा प्रशिक्षक उपलब्ध हुन कठिनाई भएकोले प्रशिक्षकको रोस्टर बनाउन आवश्यक रहेको छ । तालिम प्रशिक्षकको रोस्टरमा नाम समावेस गर्न निवेदन प्राप्त भए पश्चात राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तोकिएको मापदण्डको आधारमा रोस्टरमा समावेश गर्न सकिने भएकोले यो सूचना प्रकाशन भएको १५ दिन भित्र यस प्रदेश भरीका सबै प्रशिक्षकहरूले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको रजिस्ट्रेसन फारम भरी निवेदन सहित यस केन्द्रमा पठाउन अनुरोध छ ।

रजिस्ट्रेसन फरम www.nhtc.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

प्रदेश स्वास्थ्य तालिम केन्द्र
मधेश प्रदेश,
पथलैया बारा


# शैक्षिक अवस्था सुधार गर्न सिकाइ मेला



**मन्थली (प्रस)**– रामेछापको गोकुलगंगा गाउँपालिकामा शैक्षिक अवस्था सुधार गर्न पालिकाले प्रारम्भिक बाल विकास सिकाइ मेला आयोजना गरेको छ ।

सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको समन्वय तथा चाइल्ड एड जर्मनको आर्थिक सयोगमा गोकुलगंगा गाउँपालिकाले पालिकाका ३३ विद्यालयलाई सहभागी गराएर प्रारम्भिक बाल विकास सिकाइ मेला आयोजना गरेको हो । मेलामा बालबालिकाद्वारा निर्माण गरिएका शिक्षण सिकाइ क्रियाकलापअन्तर्गतका सामग्री र परम्परागत सामग्री (ढिकी, जाँतो, ओखल, मुसल) लगायत सामग्री प्रदर्शनीमा राखिएका थिए ।

कार्यक्रमका अवसरमा जंकफुड (पत्रु खाना) खान नहुने, नियमित स्वास्थ्यको ख्याल राख्नुपर्ने, आफ्ना बालबालिकाले गृहकार्य गरे/नगरेको अभिभावकले नियमति अनुगमन गर्नुपर्नेलगायत सन्देश दिने खालका दोहोरी गीत तथा नाटक प्रदर्शन गरिएको थियो ।

एकअर्को विद्यालयलाई अन्तरघुलन गराई प्रारम्भिक शिक्षण सिकाइ क्रियाकलापलाई वृद्धि गर्दै पालिकाको शैक्षिक अवस्था सुधार गर्न कार्यक्रम अयोजना गरिएको गाउँपालिकाका अध्यक्ष काजीबहादुर खड्काले बताए । यस्ता सिकाइ मेलाले आफूहरूजस्ता विद्यार्थीलाई स्थानीयस्तरमा भएका सामग्री र सीप कसरी प्रयोग गर्ने भन्ने जानकारी हुने तथा अन्तरविद्यालयको सीप एकअर्कालै आदानप्रदान गर्दा विद्यार्थी साथीबीच सद्भाव कायम हुने कार्यक्रममा सहभागी शारदा मावि कक्षा १२ की छात्रा प्रियंका रेग्मीले बताइन् । यस्ता गतिविधले आफूजस्ता विद्यार्थीमा अन्तरनिहीत प्रतिभा प्रस्फुटन गराउन मद्दत पुग्ने गोकुलगंगा माविमा कक्षा ४ मा अध्ययनरत विद्यार्थी सचिन भण्डारीले बताए ।

गोकुलगंगा गाउँपालिकामा २०७८ सालदेखि सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाले गुणस्तरीय शिक्षा सुदृढीकरणका लागि प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा प्रवर्द्धन परियोजनामार्फत बालबालिकाका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

स्थानीयस्तरमा शिक्षकले निर्माण गरिरहेको शैक्षिक सामग्री र त्यसको प्रयोगसहित अभिभावकको पनि संलग्नता शिक्षण सिकाइ क्रियाकलापमा हुनुपर्छ भन्ने सन्देश दिन मेला आयोजना गरिएको सेतो गुराँस राष्ट्रिय बाल विकास केन्द्रले जनाएको छ । यस्ता कार्यक्रमले शिक्षक र विद्यार्थीका शिक्षण सिकाइ क्रियाकलाप वृद्धि हुने प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा प्रवर्द्धन परियोजना प्रमुख कर्ण दराईले बताए ।

प्रारम्भिक तहका बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गराउन र जगैदेखि सिकाइ उपलब्धि बढाउन सकियो भने विद्यार्थीको सीप वृद्धि हुने भएकाले गाउँपालिकाले सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको सहयोगमा यस्तो कार्यक्रम आयोजना गरेको गाउँपालिकाका शिक्षा अधिकृत नरेन्द्रसिं भण्डारीले बताए । रामेछापमा गुणस्तरीय भवन भए पनि विद्यार्थी र शिक्षाको गुणस्तर खस्कँदै गइरहेकाले घट्दै गएको शैक्षिक गुणस्तरलाई वृद्धि गर्न यस्ता कार्यक्रम विभिन्न पालिकाले गर्न सके शैक्षिक गुणस्तर वृद्धि हुने गाउँपालिकाका प्रवक्ता चन्द्र सुनुवारले बताए ।


**साउदीमा रोजगार** कम्पनी : AL HADAF LEVEL FACTORY FOR FERTILIZER

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 315058 | चलानी नं. ६०२२९४१०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Load unload Worker | 2 | 0 | 1100 | ३९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066
IMPERIAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : AHMED MOHAMMED AL-DABASH CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315094 | चलानी नं. ६०२२९३८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Construction Labouers | 4 | 0 | 1000 | ३६,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 4 | 0 | 1200 | ६४,९७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

प्रभाव दैनिक

रूपशाला

सोमबार, २४ मंसिर २०८१ (Monday, December 09, 2024)

## भिडियोमा 'माया गर्ने तरिका'

सुमी पराजुली र प्रताप दासको स्वरमा रहेको नयाँ गीत 'माया गर्ने तरिका'को म्युजिक भिडियो सार्वजनिक गरिएको हो । गायिका सुमीकै युट्युब च्यानलमार्फत भिडियो सार्वजनिक गरिएको हो । अर्जुन पोखरेलको रचना र संगीतमा तयार भएको गीतको भिडियोलाई मुस्कान ढकालले निर्देशन गरेका हुन् । रोशन विश्वकर्माको कोरियोग्राफी रहेको भिडियोको छायांकन उत्तम हुमागाई तथा सम्पादन विकास दाहालले गरेका छन् । गीतमा कविता नेपाली र रमेश विश्वकर्मा फिचर्ड छन् ।



मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

# २३ देशका ५३ चलचित्र देखाइने

■ प्रभाव संवाददाता




**काठमाडौं–** यही मंसिर २४ देखि २७ गतेसम्म आयोजना हुने '१२औं नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' मा नेपालसहित २३ देशका ५३ चलचित्र छनोट भएका छन् । सोमबारदेखि चल्ने महोत्सवमा मानवअधिकारको पैरवीका लागि विभिन्न अन्तरक्रिया तथा गोष्ठी पनि आयोजना गरिने नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र केन्द्रका अध्यक्ष एवं महोत्सवका निर्देशक पाण्डव खत्रीले जानकारी दिए ।


'यसपटकको संस्करणमा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त चलचित्रसमेत सहभागी हुने छन्, मानवअधिकारसँग सम्बन्धित चलचित्रहरूको प्रवर्द्धन र प्रदर्शनका लागि नियमितरूपमा महोत्सव गर्दै आएको छौं,' निर्देशक खत्रीले भने । महोत्सवमा कान्स र बर्लिनजस्ता विश्वचर्चित चलचित्र महोत्सवमा पुरस्कृत चलचित्रहरू 'अल वी इमाजिन एज लाइट', 'द म्यान हु कुडनट रिमेन्न साइलेन्स', 'एन आउटरन', 'अनार दाना' लगायतको सहभागिताले महोत्सवको रौनकता बढाएको महोत्सव निर्देशक खत्रीले बताए ।

महोत्सवको सुरुआत सोमबार कान्समा पुरस्कृत लघु चलचित्र 'द म्यान हु कुडनट रिमेन साइलेन्ट' हुने छ । उनले महोत्सवअन्तर्गत 'को-प्रडक्सन, ल्यान्डस्केप: लोकल स्टोरिज फर ग्लोबल अडियन्स' विषयमा मास्टरक्लास दिइनेसमेत बताए । नेपालसहित पाकिस्तान, बंगलादेश, भारतलगायत देशका चलचित्रकर्मीको सहभागिता रहने महोत्सव आगामी चार दिनसम्म काठमाडौंको चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा सञ्चालन हुने छ । सन् २००९ मा स्थापना भएको मानवअधिकार चलचित्र केन्द्रले महोत्सवको आयोजना गर्दै आएको छ ।

# 'भगवान् श्रीपशुपतिनाथ' पुस्तक प्रकाशन

**काठमाडौं (प्रस)–** भगवान् पशुपतिनाथको तात्त्विक स्वरूप र पञ्चकृत्यको वर्णन एवं व्याख्याद्वारा भक्तलाई मार्गदर्शन गर्न र पशुपतिनाथका बारेमा जिज्ञासुको जिज्ञासा समाधान गर्न 'भगवान् श्रीपशुपतिनाथ' नामक पुस्तक प्रकाशन गरिएको छ ।

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले प्रकाशन गरेको उक्त पुस्तकमा पाँचवटा खण्ड समावेश गरिएका छन् । प्रतिष्ठानको यो पाँचौं प्रकाशन हो । पुस्तकको पहिलो खण्डमा स्तुति, दोस्रो खण्डमा तत्व दर्शन, तेस्रो खण्डमा उपासना, चौथो खण्डमा इतिहास-संस्कृति र पाँचौं खण्डमा अनुसूची समावेश गरिएको छ। स्तुति खण्डमा ३७ स्तुति समावेश गरिएका छन्। तत्त्व दर्शन खण्डमा विभिन्न विद्वानका २५ लेख समावेश गरिएको छ। उपासना खण्डमा १८ लेख, इतिहास-संस्कृति खण्डमा इतिहास र संस्कृतिसँग सम्बन्धित विभिन्न विद्वानका २१ लेख समावेश गरिएको छ।




पशुपति क्षेत्रका स्थापित देवीदेवता, गुह्येश्वरीपीठ, पशुपति क्षेत्रका जात्रापर्व, रामायणमा भगवान् श्री पशुपतिनाथ र पाशुपत क्षेत्र, भगवान् श्री पशपतिनाथको मन्दिर र परिसर क्षेत्रको संक्षिप्त परिभ्रमण, नेपालमा पाशुपत धर्मको विकास, सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ, पशुपति क्षेत्रको धार्मिक पर्यटन, श्रीपशुपतिनाथको पुजारी परम्परा, प्राचीन नेपालमा पाशुमत, त्वं शंकरोऽसि भुवनत्रयशंकरत्वात्, पशुपति क्षेत्रका केही प्राचीन शिवलिंग, वेदमा रुद्र र पशुपति, पुराणमा पशुपति-चिन्तन, नेपाली स्थापत्यविधामा श्रीपशुपति मन्दिर, विश्व सम्पदाको रूपमा श्रीपशुपति मन्दिर, पशुपति परिसरका देवीदेवता, वाग्मती र पशुपति, शिव महापुराणमा श्रीपशुपतिनाथ, भगवान् श्री पशुपतिथान तथा पशुपति मुद्राजस्ता विषयमा लेख समावेश गरिएको छ ।

पाँचौं खण्डमा पाशुपतत्रसूत्रम्, श्रीमच्छंकाचार्यविरचितम् श्रीपशुपति पूजा विधाननम, पाशुपतदीक्षा, पशुपति क्षेत्रमा अग्निहोत्र परम्परा, पशुपति क्षेत्रको भौतिक स्वरूप र मूर्त सम्पदाहरू, वैदिक सनातन धर्ममा आरतीको महिमा, विभिन्न कार्यक्रम एवं गतिविधिको तस्बिर संकलन गर्न पाइने जनाइएको छ । पुस्तक एक हजार १६४ पृष्ठको छ ।



# घरेलु हिंसाविरूद्ध एमएस नेपालकी विजेता रेश्माको अभियान

■ प्रभाव संवाददाता

**काठमाडौं–** एमएस नेपाल-२०२४ की विजेता रेश्मा घिमिरेले घरेलु हिंसाविरुद्ध जनचेतना जगाउने अभियान सुरु गरेकी छन् । शिक्षण पेसामा आबद्ध रेश्माले मीनभवनस्थित एनके सिंह मेमोरियल इंलिस प्रिपेरेटोरी सेकेण्डरी स्कुल (इपिएस) स्कुलमा शुक्रबार एक कार्यक्रमको आयोजना गर्दै यस अभियानलाई निरन्तरता दिने बताइन् ।

'घरेलु हिंसा के हो र किन यसलाई न्यूनीकरण गर्नुपर्छ भन्ने आवाज उठाएरै म एमएस नेपालको विजेता भएकी हुँ,' रेश्माले भनिन्, 'आगामी दिनमा पनि जनचेतनामूलक यस्ता अभियानलाई निरन्तरता दिने छु।' घरेलु हिंसा महिलालाई मात्र नभई पुरुषहरूमाथि पनि हुने गरेको उनले बताइन् । घर वा स्कुलमा बालबालिकाहरूलाई घरेलु हिंसाबारे ज्ञान दिनुपर्नेमा रेश्माले जोड दिइन् । यदि बालबालिकाहरू समयमै सचेत हुने हो भने समाजमा भइरहेका नकारात्मक र दुखद् घटनाहरूमा कमी आउने उनले विश्वास व्यक्त गरिन् ।

जनचेतनाका कार्यक्रमहरू स्कुलदेखि नै गरिनुपर्ने बताउँछिन्, मिसेज नेपाल वर्ल्ड २०२४ की विजेता डाक्टर डेनिला कार्की । 'सानो उमेरदेखि नै घरेलु हिंसाबारे सिकाउने हो भने प्रभावकारी हुन्छ,' कार्कीले भनिन्, 'ग्रामीण क्षेत्रमा अझै जनचेतना जगाउनुपर्छ । कानुन पनि बलियो बनाउनुपर्छ ।' महिलाहरूले आफ्ना लागि आफैं आवाज उठाउन उनले जोड दिइन् ।

मीनभवनस्थित इपिएस स्कुलका विद्यार्थीहरूले घरेलु हिंसा अन्त्यका लागि आ-आफ्नो मन्तव्य दिएका थिए । यस्तै घरेलु हिंसाका घटनाहरू न्यूनीकरण गर्न विभिन्न प्लेकार्डहरू पनि प्रदर्शन गरिएको थियो ।

रंगशाला

# जनकपुरको लगातार चौथो जित चितवनसँग हाऱ्यो सुदूरपश्चिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) मा सुदूरपश्चिम रोयल्सले पहिलो हार बेहोरेको छ । आइतबार भएको खेलमा चितवन राइनोजले सुदूरपश्चिमलाई ३३ रनले पराजित गरेको हो । यसअघि सुदूरपश्चिमले विराटनगर किंग्स, काठमाडौं गुर्खाज र लुम्बिनी लायन्सलाई पराजित गरेको थियो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा आइतबार भएको खेलमा चितवन राइनोजले दिएको १६५ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम १८.२ ओभरमा सबै विकेट गुमाउँदै १३१ रनमा समेटियो । सुदूरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३५ रन जोडे । उनले १९ बलमा चार चौका र एक छक्का प्रहार गरे । त्यस्तै सेफ जेबले ११ बलमा १८ रन जोडे भने विनोद भण्डारीले १०, दिलप्रित बाज्वाले १२ तथा नरेन साउदले १० रन बनाए ।

चितवनका लागि कप्तान कुशल मल्ल, जान निकोल लफ्टी इटन र अमरसिंह राउटेलाले समान दुई विकेट लिए भने रिजन ढकाल र रञ्जित कुमालले समान एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १६४ रनको योगफल तयार गरेको थियो । चितवनका लागि ओपनर हसन इसाखिलले ५२ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६५ रन बनाए । त्यसैगरी रवि बोपारा १८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन बनाए भने कप्तान कुशल मल्लले १६ बलमा १३ रन जोडे । विपीन रावलले १७ रन बनाए ।

## एनपिएल क्रिकेट

सुदूरपश्चिमका लागि स्कट कुगेलेनले दुई विकेट लिए भने सेफ जेब, दीपेन्द्रसिंह ऐरी र ब्रेन्डन मक्मलनले समान एक विकेट लिए । यससँगै चितवनले आफ्नो चौथो खेलमा तेस्रो जित हात पारेको हो । सुरुवाती दुई खेल जितेको चितवन पछिल्लो खेलमा पराजित भएको थियो । काठमाडौं र पोखरालाई पराजित गरेको चितवन कर्णालीसँग भने पराजित भएको थियो ।

### जनकपुरको लगातार चौथो जित

आइतबार नै भएको पहिलो खेलमा जनकपुर बोल्ट्सले लुम्बिनी लायन्सलाई एक रनले पराजित गरेको छ । प्रतियोगितामा जनकपुरको यो लगातार चौथो जित हो ।



यसअघि जनकपुरले विराटनगर, कर्णाली र पोखरालाई पराजित गरेको थियो । जनकपुरले जितका लागि दिएको १३७ रनको लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३५ रनमा समेटियो । लुम्बिनीका लागि कप्तान रोहितकुमार पौडेलले ३८ बल खेल्दै तीन चौकाको सहयोगमा ३५ रन बनाए । त्यसैगरी टम मुर्सले ३१ तथा सन्दीप जोराले १६ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । खेलको अन्तिम बलमा जितका लागि दुई रन आवश्यक रहेकामा हर्ष ठाकरले सन्दीप जोरालाई आउट गराएपछि जनकपुरको जित पक्का भएको थियो ।

जनकपुरका लागि हर्ष ठोकरले सर्वाधिक पाँच विकेट लिए भने किशार महतो, शेर मल्ल र ललित राजवंशीले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३६ रनको मध्यम योगफल तयार गरेको थियो । जनकपुरका लागि कप्तान अनिल शाहले सर्वाधिक ४५ रन जोडे । उनले ३९ बलमा एक चौका र चार छक्का प्रहार गरेका थिए ।

त्यस्तै लाहिरू मिलन्थाले २३ बलमा दुई चौकाको सहयोगमा २४ रन बनाए । शुभ कंसाकरले २४ बलमा अविजित २२ रन बनाए । पहिलो विकेटका रूपमा जनकपुरका ओपनर तथा मार्की खेलाडी आसिफ शेख १० बलमा १६ रन बनाउँदै आउट भएका थिए । लुम्बिनीका लागि यसै खेलबाट डेब्यु गरेका अभिषेक गौतमले तीन विकेट लिए भने कप्तान रोहितकुमार पौडेल र साद विन जाफरले समान दुई/दुई विकेट लिए । त्यस्तै सन्दीप जोराले एक विकेट झारे ।

यससँगै लुम्बिनीको यो लगातार चौथो हार हो । यसअघि लुम्बिनी विराटनगर किंग्स, पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्ससँग पराजित भएको थियो ।

# थप दुई क्रिकेट खेलाडीले तलब पाउने

**बैतडी–** सुदूरपश्चिम प्रदेशका थप दुई खेलाडीले मासिकरूपमा तलब पाउने भएका छन् । सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघले प्रदेशबाट नियमितरूपमा राष्ट्रिय प्रतियोगिता खेलिरहेका एक महिला र एक पुरुष खेलाडीलाई मासिक १५ हजार रूपैयाँका दरले प्रोत्साहन रकम दिने भएको हो ।

मासिकरूपमा प्रोत्साहन रकम पाउनेमा बैतडीका दीपक बोहरा र बझाङकी अनु कडायत रहेको सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशीले जानकारी दिए । एमबी ग्रुप डडेलधुराको प्रायोजनमा दुवै खेलाडीले मासिकरूपमा प्रोत्साहन रकम पाउने छन् । यही मंसिर १ गतेदेखि लागू हुनेगरी दुवै खेलाडीलाई मासिक रूपमा प्रोत्साहन रकम दिनेगरी प्रायोजन सम्झौता भएको उनले बताए । सम्झौता भएसँगै एमबी ग्रुपले एक वर्षसम्म दीपक र अनुलाई मासिकरूपमा १५ हजार रूपैयाँका दरले प्रोत्साहन रकम प्रदान गर्ने छ । दीपक र अनुले सुदूरपश्चिमबाट थुप्रै राष्ट्रिय प्रतियोगिता खेल्नुका साथै उमेर समूहका अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि नेपाली राष्ट्रिय टोलीबाट खेलिसकेका छन् ।

'प्रादेशिक क्रिकेट संघले निकट भविष्यमा अन्य खेलाडीलाई पनि प्रोत्साहन भत्ता दिने तयारी गरेको छ,' अध्यक्ष जोशीले भने । यसअघि नेपाल क्रिकेट संघ (क्यान)बाट मासिक रूपमा सुदूरपश्चिम प्रदेशका पाँच खेलाडी प्रोत्साहन रकम पाउन छनोट भएका थिए । सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघले तीन पुरुष र दुई महिला खेलाडीलाई छनोट गरेको हो । छनोट हुने पुरुष खेलाडीमा खडक बोहरा, किरन ठगुन्ना र शेर मल्ल तथा महिला खेलाडीमा सावित्री धामी र स्नेहा महरा रहेका छन् । *रासस*

# जेलेन्स्की रूससँग 'सम्झौता' गर्न तयार रहेको ट्रम्पको दाबी

**पेरिस–** अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की रूससँगको युद्ध अन्त्यका लागि 'सम्झौता' गर्न इच्छुक रहेको बताएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले जेलेन्स्की र ट्रम्पसँग शनिबार एलिसी प्यालेसमा आयोजना गरेको त्रिपक्षीय वार्तापछि ट्रम्पको उक्त भनाइ आएको हो ।

ट्रम्पले युक्रेनलाई पठाइएको अर्बौं डलरको सैन्य सहायताको खुलेर खिल्ली उडाउँदै आफ्नो निर्वाचन अभियानका क्रममा आफू राष्ट्रपति निर्वाचित भएमा जिम्मेवारी सम्हालेको २४ घण्टाभित्र नै द्वन्द्व अन्त्य गर्न सक्ने दाबी गरेका थिए । ट्रम्पले आफ्नै लगानीमा सञ्चालित सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'जेलेन्स्की र युक्रेन सम्झौता गर्न र युद्ध रोक्न चाहन्छन् ।' उनले अगाडि भनेका छन्, 'तत्काल युद्धविराम हुनुपर्छ र वार्ता सुरु हुनुपर्छ । धेरैको जीवन यति अनावश्यक रूपमा बर्बाद भइरहेको छ । धेरै परिवारहरू गुमेका छन् । यदि यो जारी रह्यो भने धेरै ठूलो क्षति र अझ खराब अवस्थामा परिणत हुन सक्छ ।'


त्रिपक्षीय भेटको केही घण्टामा नै अमेरिकी राष्ट्रपति जो बाइडेन प्रशासनले युक्रेनका लागि ९८ करोड ८० लाख अमेरिकी डलरको नयाँ सैन्य सहायता प्याकेज घोषणा गरेको छ । पेन्टागनका अनुसार उक्त प्याकेजमा ड्रोन, हिमार्स रकेट लञ्चरका लागि गोलाबारुद, लामो दूरी मार हान्न सक्ने हतियार, ट्यांक र बख्तरबन्द गाडीका लागि उपकरण र त्यसका सामान समावेश गरिएको छ । ट्रम्पले युक्रेनमा आन्तरिकरूपमा अलोकप्रिय सहुलियतसहित शान्तिका लागि दबाब दिनसक्ने चिन्ता छ । जेलेन्स्कीले रूससँग कुनै पनि सम्झौता समतामूलक हुनुपर्नेमा जोड दिएको बताइएको छ । 'हामी सबै शान्ति चाहन्छौं । तर यो हाम्रो लागि धेरै महत्त्वपूर्ण छ शान्ति हामी सबैका हुनुपर्छ र रूस र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन वा अन्य कुनै आक्रमणकारी अब कहिल्यै युक्रेनमा नफर्कने सम्भावनालाई सुनिश्चित गर्नुपर्छ,' जेलेन्स्कीले भने ।

उनले भने, 'सबैभन्दा महत्त्वपूर्ण कुरा न्यायपूर्ण शान्ति र सुरक्षाको प्रत्याभूतिको हो । युद्धविराम वा शान्ति सम्झौताले युक्रेनका लागि बलियो सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ ।' जेलेन्स्कीले वार्तालाई 'राम्रो र फलदायी' भन्दै ट्रम्पको दृढ संकल्पका लागि धन्यवाद पनि दिएको बताइएको छ ।

नोट्रे डेम क्याथेड्रलको पुनः उद्घाटन समारोहमा भाग लिनुभन्दा ठीक अघि ट्रम्पसँगको जेलेन्स्कीको भेट, अमेरिकी चुनावमा विजय हासिल गरेपछि विश्वका धनाड्यबाट राजनीतिज्ञ बनेका ट्रम्पसँगको पहिलो प्रत्यक्ष भेट थियो । छलफलप्रति आफ्नो प्रतिक्रियामा म्याक्रोंले सामाजिक सञ्जालमा लेखेका छन्, 'शान्ति र सुरक्षाका लागि संयुक्त प्रयास जारी राखौं ।' मध्यपूर्वको संकटमा युरोपेली मित्रराष्ट्रहरूले बाइडेनसँग घनिष्ठ सम्बन्ध कायम गरेका छन्, तर ट्रम्पले सहयोगी पश्चिमा राष्ट्र र संयुक्त राज्य अमेरिकालाई अझ टाढा र इजरायललाई नजिकबाट राख्ने सम्भावना छ । *रासस/एएफपी*

# सिरियामा असद शासन अन्त्य भएको विद्रोहीको घोषणा





**दमास्कस–** कुर्दिस नेतृत्वको विद्रोहीले आइतबार दमास्कसमाथि धावा बोलेको र राष्ट्रपति बशर अल असद भागेको दाबी गरेको छ । उनीहरूले सिरियामा पाँच दशक लामो बाथ शासनको अन्त्य भएको घोषणा गरेका छन् । सिरियाको राजधानी दमास्कसमा विद्रोही समूहले राष्ट्रपति असदको बहिर्गमनको घोषणा गर्दै 'हामी दमास्कस सहरलाई स्वतन्त्र घोषणा गरेका छौं' भन्दै सडकमा विजय उत्सव मनाएका देखिन्थे ।

दमास्कसबाट एएफपी टिभीले खिचेको तस्बिरमा विद्रोहीहरूले सूर्योदयको समयमा हवाई फायर गरेका, केहीले विजयको चिह्न चम्काइरहेको र 'अल्लाहु अकबर' वा ईश्वर महान् हुनुहुन्छ भनी चिच्याइरहेको देख्न सकिन्छ । तस्बिरमा कोही उत्सव मनाउन सेनाका बख्तरबन्द गाडीमाथि चढेका कोही असदका पिता हाफेजको ढलेको शालिकमा सुतेर तस्बिर लिइरहेको देखिएको छ । दमास्कसका बासिन्दा आमेर बाथाले एएफपीसँग फोनमा भने, 'म विश्वास गर्न सक्दिनँ कि म यो क्षणको प्रत्यक्षदर्शी बनिरहेको छु ।'

'हामी यो दिनको लागि लामो समयदेखि पर्खिरहेका थियौं,' उनले भने, 'हामीले सिरियाका लागि नयाँ इतिहास लेख्न सुरु गर्दै छौं । इस्लामिक हयात तहरीर अल-शाम (एचटिएस) समूहले असद परिवारको पाँच दशकभन्दा लामो शासनलाई चुनौती दिँदै आफ्नो अभियान सुरु गरेको दुई हप्ता नबित्दै राष्ट्रपतिको कथित बहिर्गमन भएको बताइएको छ ।

'बाथ शासनमा ५० वर्षको उत्पीडन, १३ वर्षको अपराध र अत्याचार र (जबर्जस्ती) विस्थापनपछि हामी आज यो कालो समयको अन्त्य र सिरियाका लागि नयाँ युगको सुरुवातको घोषणा गर्दछौं,' विद्रोही समूहले टेलिग्राममा भनेको छ ।

सिरियाली प्रधानमन्त्री मोहम्मद अल जलालीले सिरियाली जनताले रोजेको कुनै पनि नेतृत्वसँग सहकार्य गर्न आफू तयार रहेको बताएका छन् । बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का प्रमुख रामी अब्देल रहमानले एएफपीसँग भने, 'राष्ट्रपति असदले दमास्कस अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिरिया छोडिसक्नुभएको छ । *रासस/एएफपी*


## साउदीमा रोजगार
कम्पनी : KADEN BUSINESS OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ | LT. No. 315062 | चलानी नं. ६०२२९४०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 1700 | ६१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 14 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



## साउदीमा रोजगार
कम्पनी : Branch of the Midline Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315120 | चलानी नं. ६०२२९४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 12 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १२ गते (28th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## रामेछाप अस्पताल
रामेछाप, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०८/२४ गते

यस रामेछाप अस्पतालको आ.ब २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रयोगशालाको लागि डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य गर्न मिति २०८१/०८/१२ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरु स्वीकृतीको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:-

| क्र.सं. | सूचना नं. | कामको विवरण | मेडिकल औजार उपकरणहरूको विवरण | मोडल नं. | उत्पादक कम्पनी | स्वीकृत बोलपत्र | बोलपत्र स्वीकृत रकम रु. (मं.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १ | 3-081/82 | प्रयोगशालाको लागि डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य | AUTOMATED CLINICAL CHEMISTRY ANALYZER | XL-200 | ERBA LACHEMA S.R.O. | के एण्ड के ट्रेड कन्सर्न, त्रिपुरेश्वर काठमाडौं | १९,०५,१००/- |
| २ | | | CHEMILUMINESCENCE IMMONOLOGY ASSAY ANALYZER | iFlash 1200-A | SHENZEN YHLO BIOTECH CO.LTD | | १४,०७,७८०/- |
| ३ | | | ICHROMA II | H900 | BIOTECH MED INC. | एम.आर.एस. इन्टरप्राईजेज, त्रिपुरेश्वर काठमाडौं | १,३८,००/- |
| ४ | | | COAGULATION ANALYZER | ECL105 | ERBA MANNHEIM | | ३३,५००/- |
| ५ | | | AUTOMATED HEMATOLOGY ANALYZER | HEMAX530AL | B&E DIAGNOSTIC INC. | हिमशिखर बायोमेडिकल प्रा.लि., नयाँ बानेश्वर काठमाडौं | ६,४३,०००/- |
| ६ | | | ELECTROLYTE ANALYZER | H900 HORRON | SHENZHEIN XILAIHENG MEDICAL ELECTRONICS CO., LTD | | २,८७,०००/- |

डा. केशव श्रेष्ठ
नि.मे.सु.



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

## श्री वीरेन्द्र अस्पताल
छाउनी, काठमाण्डौ

### बोलपत्र आव्हानको सूचना

सूचना नं. २०८१/०८२/०९
(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०९/२४ गते)

१. यस अस्पताललाई आ.व. २०८१/०८२ मा आवश्यक पर्ने पोशाक सामाग्रीहरुको **e-GP System** को माध्यमबाट खरिद गर्नको लागि यो ३० दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्र सम्बन्धी विवरण:-

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 08/NCB/Goods/NA-BH/081/82 | Supply of Clothing Items | 120,000.00 | 3,000.00 | २०८१/०९/२४ गतेको १२:०० बजे | २०८१/०९/२४ गतेको १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको **Website** मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।



## कुवेतमा रोजगारको अवसर
Free Visa!! Free Ticket!!

कम्पनी : Seazen Hospitality Restaurants Adn Management & Catering Co., Kuwait

पूर्व स्वीकृति मिति : २०८०/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 294466 | चलानी नं. ६०२०९६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 40 | 0 | 125 | ५५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner / Steward | 50 | 0 | 110 | ४८,५५० | | | | | | | |
| 3 | Hostess | 0 | 20 | 150 | ६६,२०५ | | | | | | | |
| 4 | Waiter | 0 | 15 | 135 | ५९,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



## युएइमा रोजगार
कम्पनी : AMAFH EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 314618 | चलानी नं.६०२२९४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant technician/telecommunication | 10 | 0 | 1200 | ४४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 60 | 0 | 1200 | ४४,३१० | | | | | | | |
| 3 | CLEANER (MALE) | 70 | 0 | 1200 | ४४,३१० | | | | | | | |
| 4 | Steel Fixer | 60 | 5 | 1200 | ४४,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com
Govt. License 1592/079/080



## साउदीमा रोजगार
कम्पनी : AFAN MIDDLE EAST GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315109 | चलानी नं.६०२२९४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL IMMAR AL JADEED CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | LT. No. 315108 | चलानी नं.६०२२५४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०



## साउदीमा रोजगार
कम्पनी : MUVI CINEMAS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 314953 | चलानी नं. ६०२२९३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 15 | 0 | 1200 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३० गते (15th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 314953 मिति: २०८१/०६/२३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०



## कुवेतमा रोजगार

पूर्व स्वीकृति मिति : २०८०/०२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 286780 | चलानी नं. ६०२०२१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | sales lady | 0 | 8 | 120 | ५२,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४९७०० | प्रति तोला - ० | प्रति तोला - १८६५ |

# 'सरकार-निजी क्षेत्र मिलेर पर्यटन क्षेत्रको विकास गर्न सकिन्छ'

■ प्रभाव संवाददाता




**सुदूरपश्चिम-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरकार र निजी क्षेत्रको संयुक्त प्रयासमा पर्यटन क्षेत्रको विकास गर्न सकिने बताएका छन् । कैलालीको धनगढीमा आइतबार आयोजित सुदूरपश्चिम प्रदेशको पर्यटन विकास रणनीतिसम्बन्धी अन्तरक्रियामा मन्त्री पाण्डेले निजी क्षेत्र अगाडि नबढेमा सरकारको एकल प्रयासले मात्रै पर्यटन क्षेत्रको विकास हुन नसक्ने बताए ।

दक्षिण र पश्चिममा भारतसँग टाँसिएकाले सुदूरपश्चिम प्रदेशलाई पर्यटनको गन्तव्यस्थल बनाउन सकिने प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै उनले यसका लागि आवश्यक पूर्वाधार जुटाउने वातावरण बनाउन जरुरी रहेकामा जोड दिए । मन्त्री पाण्डेले समयानुकूल पर्यटन र हवाई नीति बनाउन लागिएको जानकारी दिए ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पर्यटनको विकासका लागि नीतिगत सुधार जरुरी रहेको बताए । उनले निर्माणाधीन सेती लोकमार्गमार्फत सुदूरपश्चिम प्रदेशलाई चीनसँग जोड्ने नाका खुल्न सकेमा ठूलो संख्यामा विदेशी पर्यटक नेपालकै बाटो भएर कैलाश मानसरोवर पुग्नसक्ने भई यसबाट प्रदेशको पर्यटन विकासमा टेवा पुग्ने देखिएकाले आफूले यस विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग पटक-पटक छलफल गरेको बताए ।

कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधिले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास र स्तरोन्नति, उरै भञ्ज्याङहुँदै कैलाश मानसरोवर जाने बाटोको व्यवस्था, गौरीफन्टा र वनबासा नाकाको स्तरोन्नति, सुक्खा बन्दरगाह निर्माण, उड्डयन क्षेत्रको सबलीकरण र नीतिगत सुधारमा सहजीकरण गर्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका क्षेत्रमा गरिरहेको गतिविधिका बारेमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले प्रकाश पारेका थिए । प्रदेशको मन्त्रालयले पर्यटन गुरुयोजना र पर्यटन ऐन लागू गरेर पर्यटनसम्बन्धी आवश्यक पूर्वाधार निर्माण गरिरहेको भए पनि पूर्वाधार निर्माणमा पर्याप्त बजेटको अभाव रहँदा यसको विकासमा अपेक्षित सुधार आउन सकिरहेको छैन । नेपाल सरकारले सुदूरपश्चिम प्रदेशलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरे पनि त्यसअनुसारका पूर्वाधार अझै जुट्न सकेको छैन ।

कार्यक्रममा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरी, पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल, प्रदेशसभा सदस्य धर्मराज पाठक, शिवसिंह ओलीलगायतले पर्यटनको विकासका लागि गर्नुपर्ने सुधारका बारेमा सुझाव दिएका थिए । कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र त्यसअन्तर्गतका निकायका कर्मचारी, निजी क्षेत्रका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।



**दमक व्यापारिक कम्प्लेक्स** | झापाको दमक नगरपालिका-३, दापगाछीस्थित दमक व्यापारिक कम्प्लेक्स । आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीबाट उद्घाटन भएको सो १८ तले कम्प्लेक्स एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार रूपैयाँ लागतमा बनेको हो । *तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

## कर्पोरेट

### सिटिजन्स बैंकद्वारा ब्रेल शैक्षिक सामग्री सहयोग



**काठमाडौं (प्रस)-** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले दृष्टिविहीन बालबालिकाहरूका लागि ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ । अपांगता भएका बालबालिका र युवाका लागि काम गर्दै आएको मैत्री समाज नेपालसँगको सहकार्यमा बैंकले सुर्खेतको वीरेन्द्रनगरमा अवस्थित श्रीकृष्ण संस्कृत तथा साधारण माविमा अध्ययनरत दृष्टिविहीन बालबालिकाहरूलाई उक्त सामग्री उपलब्ध गराएको हो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत उक्त सामग्री वितरण गरिएको जानकारी दिएको छ । यस कार्यक्रमअन्तर्गत बैंकले सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यालयमा आयोजित एक समारोहकाबीच बैंकले सहयोग स्वरूप विभिन्न ब्रेल शैक्षिक सामग्रीहरू हस्तान्तरण गरेको हो । दृष्टिविहीन तथा अन्य अपांगता भएका बालबालिकाहरूसँग पर्याप्त शैक्षिक सामग्री उपलब्ध नहुने र आवश्यक शैक्षिक सुविधाहरूबाट वञ्चित हुने भएकाले ब्रेल पेपर र अन्य ब्रेल शैक्षिक सामग्रीहरूले उनीहरूको अध्ययनमा सहजता प्राप्ति होस् भन्ने अभिप्रायका साथ ती सामग्रीहरू प्रदान गरिएको बैंकले जानकारी दिएको छ ।

### स्ट्रिक्स प्रोफेसनल मेगा शोको पाँचौं संस्करण सम्पन्न




**काठमाडौं (प्रस)-** हेयर प्रोडक्टको ब्राण्ड स्ट्रिक्स प्रोफेसनलले काठमाडौंमा मेगा शो २०२४ को पाँचौं संस्करण सम्पन्न गरेको छ । यो पाँचौं संस्करणमा ब्रान्ड सेलुनिस्ट र सौन्दर्य व्यवसायीहरूलाई शिक्षित गर्ने प्रतिबद्धता रहेको कम्पनीले जनाएको छ । गत वर्ष पनि स्ट्रिक्स प्रोफेसनलले काठमाडौंमा भव्य कार्यक्रमको आयोजना गरेको थियो । यसपटक स्ट्रिक्स प्रोफेसनलले आफ्ना नयाँ उत्पादनहरू बजारमा सार्वजनिक गरेको छ। साथै कपालको कलात्मक डिजाइनका नयाँ उत्पादनहरू पनि सार्वजनिक गरेको छ ।

नक्सालस्थित होटल मेरियटमा आयोजित एक दिने मेगा शोमा नेपालभरिका सैलुन व्यवसायीहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कपालको अत्याधुनिक डिजाइन, कलरिङ, रचनात्मकता, सीप विकासबारे जानकारी प्रदान गरिएको थियो । मेगा शोले सैलुनिस्टहरूलाई हेयर कट्, रङ र नयाँ शैलीमा अन्तर्राष्ट्रिय फेसनको अभ्यासबारे प्रशिक्षण दिइएको थियो । कार्यक्रममा स्ट्रिक्स प्रोफेसनलको स्पेक्ट्रमकलेक्सनबाट छ वटा आकर्षक लुक्सको अनावरण र स्ट्रिक्स प्रोफेसनल अर्गन सिक्रेट्स हाई लिफ्ट शेड्स, हचुम्याजिक नो अमोनिया हेयर कलर र फंगी कलरजस्ता नयाँ उत्पादन सार्वजनिक गरिएको थियो ।

# आयोगद्वारा वीरगञ्जका उद्योगी-व्यवसायीसँग सुझाव संकलन

**वीरगञ्ज (पर्सा)-** उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले वीरगञ्जका उद्योगी तथा व्यवसायीसँग अर्थतन्त्र सुधारका लागि आवश्यक सुझाव संकलन गरेको छ। आयोगले आइतबार यहाँ आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी तथा व्यवसायीको सुझाव लिएको हो ।

आयोगका संयोजक रामेश्वर खनालले अहिलेको अर्थतन्त्रमा देखिएका समस्याहरूको पहिचान गरेर सुधार गर्नका लागि सुझाव संकलनको कार्य गरिरहेको जानकारी दिए । 'आयोगको गठन भएपछि यहाँका उद्योगी-व्यवसायीले भोगिरहेका समस्याका विषयमा आवश्यक सुझाव लिनका लागि आएका हौं,' उनले भने, 'यहाँका उद्योगी व्यवसायीले दिएको सुझावलाई प्रतिवेदनमा समावेश गरेर सुधारको आवश्यक रणनीति अघि बढ्ने छ ।'

पूर्वअर्थसचिवसमेत रहेका खनालले नेपालले २०४८ सालपछि एकपटक आर्थिक सुधारमा निकै राम्रो फड्को मारेको बताए । 'वि.सं. २०४७ सालमा प्रजातन्त्र पुनःस्थापना भएसँगै नेपालको अर्थतन्त्रले फड्को मारेको थियो,' उनले भने, 'अर्थतन्त्रका देखिएका समस्यालाई मध्यनजर गर्दै समाधान गर्नका लागि सुझाव संकलन कार्यक्रमले ठूलो अर्थ राख्ने छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालले आर्थिक मन्दीको कारणले मुलुकको अर्थतन्त्रमा समस्या आएकाले उद्योगी व्यवसायी धराशायी हुने अवस्थामा पुगेको गुनासो गरे । 'भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी)लागू गरे पनि नेपाल सरकारले मान्यता नदिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन्,' उनले भने, 'नेपाल-भारत खुला सीमाक्षेत्रको कारणले अवैध व्यापार रोकिएको छैन । त्यसलाई नीतिगतरूपमा सुधार गर्न आवश्यक भइसकेको छ ।'

मन्त्रिपरिषद्को गत असोजमा बसेको बैठकले पूर्वअर्थसचिव खनालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरेको थियो । आयोगका सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानकी वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल रहेका छन् ।

गत मंसिर ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोगमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप सदस्यमा राखेको थियो । *रासस*

# उच्च अंकले घट्यो नेप्से परिसूचक



**काठमाडौं (प्रस)-** साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ४५.९३ अंकले घटेर दुई हजार ६८९ को बिन्दुमा कायम भएको हो । यो १.६७ प्रतिशतको गिरावट हो ।

यस दिन ३२१ कम्पनीको एक करोड ७३ लाख ९२ हजार २४४ कित्ता सेयर ८१ हजार ४०४ पटक खरिदबिक्री हुँदा सात अर्ब ४७ करोड तीन लाख पाँच हजार रूपैयाँबराबरको कारोबार भएको छ । आइतबारको कारोबारमा २१४ कम्पनीको सेयर मूल्य घटेको छ । सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा बढी जीवन बिमा समूह ३.०७ र व्यापार समूह २.१३ प्रतिशतले घटेको छ । बैंकिङ १.८६, विकास बैंक १.०४, वित्त १.८४, होटल तथा पर्यटन १.८४, जलविद्युत् १.९८ र लगानी समूह १.३३ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन १.३४, लघुवित्त १.५०, म्युचुअल फण्ड ०.५९, निर्जीवन बिमा ०.८३ र अन्य समूह ०.८१ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

तीनवटा कम्पनीको सेयर मूल्यमा आइतबार नकारात्मक सर्किट लागेको छ। मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड र जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्य १० प्रतिशतले घटेको हो । खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य आइतबार सबैभन्दा बढी ९.९८ प्रतिशतले बढेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३२ करोड ६४ लाख ६१ हजार रूपैयाँको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा लक्ष्मी उन्नति कोषको २० लाख पाँच हजार १०० कित्ता सेयर किनबेच भएको छ ।

# वार्षिक पाँच करोडसम्म सुन्तलाको कारोबार



**वालिङ (स्याङ्जा)-** यहाँका सुन्तला व्यवसायी एवं अगुवा किसान फणिनारायण अर्यालले बर्सेनि पाँच करोड रूपैयाँसम्म सुन्तलाको कारोबार गर्दै आएका छन् । जिल्लाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकमा त्रिपुत्र बागवानी कृषि फार्ममार्फत उनले बर्सेनि करोडौंको सुन्तला कारोबार गर्दै आएका हुन् ।

अर्यालले आफ्नै बगैंचामा उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेर ल्याएको सुन्तला बिक्रीबाट यस वर्ष पनि पाँच करोड रूपैयाँभन्दा बढी कारोबार हुने अनुमान गरिएको बताए । उत्पादन बढी हुँदा र बजार मूल्य राम्रो भएको अवस्थामा वार्षिक पाँच करोड रूपैयाँसम्मको करोबार हुने उनले जानकारी दिए ।

'आफ्नै फार्ममा उत्पादन भएको सुन्तला र अरु किसानबाट खरिद गरी बिक्री गर्दै आइरहेको छु,' अर्यालले भने, 'सुन्तला खरिद बिक्रीबाट यस वर्ष पाँच करोड रूपैयाँको कारोबार हुने अनुमान छ ।' गत वर्ष चार करोड रूपैयाँ बराबारको कारोबार भएको भन्दै यस वर्ष उत्पादनमा वृद्धि हुनुका साथै बजार मूल्य राम्रो भएकाले कारोबार बढ्ने दाबी गरे । सुन्तला बिक्रीबाट जिल्लामा सबैभन्दा बढी आम्दानी गर्ने व्यवसायीका रूपमा अर्याल परिचित छन् । उनले ८० रोपनी क्षेत्रफलमा दुई हजार २०० सुन्तलाका बिरुवा लगाएका छन् ।

व्यवसायी अर्यालले प्रचलित बजार मूल्यमा स्थानीय किसानसँग सुन्तला खरिद गरेर बजारीकरण गर्दै आएका छन् । 'प्रचलित बजार मूल्यअनुसार किसानसँग खरिद गर्दै आएको छु,' उनले भने, 'आफूले उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेको सुन्तला काठमाडौं, पोखरा, नारायणगढ, काँकडभित्ता, भारतको सिलगुडीलगायत बजारसम्म पुग्ने गर्दछ ।'

सुन्तलाको याममा अर्यालले सञ्चालन गर्दै आएको फार्ममा ४० देखि ६० जनाले प्रत्यक्ष रोजगारी पाउने गरेका छन् । सुन्तला टिप्ने, ग्रेडिङ गर्ने, ढुवानी गर्ने, बजारीकरण गर्नेलगायत काममा स्थानीयले रोजगारी पाएका उनले बताए । गत वर्ष कामदारलाई १७ लाख रूपैयाँ पारिश्रमिक भुक्तान गरेको उनले जानकारी दिए ।

यहाँ उत्पादित सुन्तलाको बजारीकरणका लागि फार्ममार्फत अर्यालले गत वर्षदेखि भाटभटेनी सुपर मार्केटसँग सम्झौता गरेको छ । नेपालमा पहिलोपटक सुन्तलाको 'ग्रेडिङ' गर्न उपकरण जडान गरिएको उनको भनाइ छ । उक्त उपकरणबाट विभिन्न आठ आकारका सुन्तला ग्रेडिङ हुने बताउँदै ग्रेडिङका आधारमा सुन्तलाको मूल्य निर्धारण गरी बजार पठाउने उनले जानकारी दिए । *रासस*

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ